# अध्याय एक

## शोध परिचय

### १.१. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "चार कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन" रहेको छ ।

### १.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनको निमित्त प्रस्तुत गरिएको छ ।

### १.३. समस्याकथन

भाषाशिक्षण गर्नु भाषाको बारेमा शिक्षण नभई भाषिक सीपको शिक्षण गर्नु हो । भाषाका सीपहरूमध्ये सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये सस्वर पठन एक महत्त्वपूर्ण पक्ष हो । पढनु वा पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पाठकद्वारा आफ्नो मस्तिष्कले संगठित गर्ने सीप हो । समान्यतया लिखित सामाग्रीलाई आवाज निकालेर पढ्नु नै सस्वरपठन हो तर लिखित सामग्रीलाई आवाज लगायत गति, यति, सुर, आघात, हाउभाउ आदिको समेत ख्याल गर्नुपर्ने हुन्छ । त्यतिमात्र होइन लेख्य भाषामा उत्रिन नसकेका अनि सस्वरपठन गर्दा व्यक्त गर्न खोजेको मूल कुरा प्रष्ट पार्ने भाषिक तत्त्वहरूलाई समेत ध्यान दिनुपर्ने हुन्छ । साथै सस्वरपठनमा स्रोता र शब्दोच्चारणको पनि महत्त्वपूर्ण स्थान रहन्छ । बोलाइ अभिव्यक्तिको सशक्त माध्यम हो ।

हुन त लेखाइ पनि अभिव्यक्तिलाई स्थिरता, संचितता र चीरस्थायी बनाउने माध्यम हो । तर बोली आफैमा भाषाको सर्वाङ्गपूर्ण विशेषता निहित भएको माध्यम हो । यही बोलाइकै औपचारिक र नियन्त्रित रूप पढाइ हो, जसले लिपिबद्ध भाषिक अभिव्यक्तिलाई सजीवता र जीवन्तता बनाइदिन्छ । र स्रोताको ध्यानाकर्षण गरी रोचक बनाउछ । त्यसबाट नै सस्वरपठनको सक्षमता र कुशलताको भाव संङ्केत भएको हुन्छ । कुनै पनि लिपिबद्ध भाषिक अभिव्यक्तिलाई पढ्दा स्पष्ट, शुद्ध र गति, यति, लय मिलाएर सस्वरपठन गरेमा त्यो पढाइमात्र प्रभावकारी हुन्छ । यी समग्र कुराहरूलाई मध्यनजर राखी पढ्नु सस्वरपठन हो तर सबैको परिपालन गरी पढ्ने सामर्थ्यको विकास भएको पाइँदैन । त्यसैले यसलाई प्रमुख समस्याको रूपमा लिइएको छ ।

लिखित सामग्रीको अर्कोले सुन्ने गरी कथ्य भाषाको ढङ्ग ढाँचाअनुसार आवाज निकाली पढ्नु सस्वरपठन हो । यसमा लिखित सामाग्री बोलीमा परिणत हुन्छ । नेपाली पहिलो भाषाको रूपमा सिक्ने विद्यार्थीहरूमा पनि मानक नेपाली सिक्दा प्रशस्त समस्या परेको देखिन्छ, भने नेपाल जस्तो बहुभाषिक र बहुजातीय मुलुकमा त आ-आफ्नो भाषा परिवार भित्र आफ्नै किसिमका समस्या र आफ्नै किसिमका व्यक्तिगत विभिन्नताहरू छन् । बोलीमा आफ्नो भाषिकागत प्रभावले केही अशुद्धता हुने स्थितिमा अझ आफ्नो पारिवारिका भाषिकाले पार्ने प्रभावले सस्वरपठनमा झन बढी प्रभाव पार्छ र सस्वरपठन कठिन हुन्छ । फेरि सस्वरपठन पढाइ सीप विकासको प्रारम्भिक चरण र ज्ञानार्जनको पहिलो खुड्किले पनि हो । यस्तो स्थितिमा विद्यार्थीहरूका बिस्तारैबिस्तारै वर्णोच्चारण, शब्दोच्चारण गर्दै वाक्य अनुच्छेद र समग्र पाठलाई सस्वरपठन गर्ने क्रममा प्रशस्तै समस्याहरू देखा पर्दछन् ।

लेख्यभाषा औपचारिक कृत्रिम र नियन्त्रित प्रकृतिको हुने हुनाले यसमा कथ्य भाषाको जस्तो स्थानीयताको प्रभाव पाइदैन । त्यसैले एकातिर अरूले बुझ्ने गरी हाउभाउपूर्ण शुद्धता र स्पष्टताका साथ पढ्ने बानीको विकास गर्न सस्वर पढाइको अभ्यास गराउनुपर्छ भने अर्कातिर सस्वरपठनमा ध्यान दिनुपर्ने विभिन्न कुराहरूको ख्याल पनि उत्तिकै पुऱ्याउनु पर्ने हुन्छ, जसबाट मात्र लेख्य भाषाले व्यक्त गर्न खोजेको कुरा स्पष्ट रूपले बुझ्न सकिन्छ । लेख्यभाषामा व्यक्त भएको कुरा पढाइबाट बुझ्न सकिएन भने त्यो पढाइ निरर्थक र औचित्यहीन हुन जान्छ ।

पढाइका केही महत्त्वपूर्ण पक्षहरूमध्ये मौखिक अभिव्यक्ति पनि एक महत्त्वपूर्ण पक्ष हो मौखिक भाषा उच्चार्य र श्रव्यको विषय हो । मौखिक वा कथ्य भाषाको वक्ता आफ्नो कुरा भन्न र बुझाउन उच्चार्य ध्वनिको प्रयोग गर्दछन् । स्रोता ध्वनिका माध्यमबाट वक्ताले भनेका कुरा बुझ्ने गर्दछन् । नेपाली भाषा पहिलो र विशेष गरी दोस्रो भाषाका व्यक्तिहरू पारिवारिक कथ्य भाषा उच्चारणदेखि श्री ५ को सरकारको उच्च ओहदासम्म रहेर पनि आफ्नै भाषाको प्रभाव भेटिन्छ । यसरी शुद्ध रूपमा नेपाली सस्वरपठन गर्न नसक्नु/नगर्नु राष्ट्रभाषा नेपाली भएको हाम्रो जस्तो मुलुकमा एक जटिल समस्याको रूपमा रहेको छ ।

विभिन्न तहमा सस्वरवाचनको विशेष महत्त्व छ । त्यसमा पनि प्राथमिक कक्षामा सस्वरपढाइमा जोड दिनु आवश्यक छ । पढाइको केन्द्रीय पक्ष बोध हो । त्ससैले तल्लो कक्षामा विशेष रूपमा सस्वरपठनलाई जोड दिनुपर्ने हुन्छ । सस्वरपठनले मौखिक र लिखित दुबै भाषासँग सम्बन्ध राख्ने हुनाले पनि तल्ला कक्षामा यसतर्फ विशेष ध्यान पुऱ्याउनु आवश्यक छ । यसरी एकातिर राष्ट्रभाषा नेपालीको प्रयोग अनिवार्य हुनुपर्ने र

अर्कातिर भाषा शिक्षणका क्रममा दोस्रो भाषा नेपाली भएका विभिन्न भाषिक समुदायको बोलचालको भाषाको प्रभाव लेख्य सामग्रीको सस्वरवाचनमा परिरहेको अवस्था र त्यसको प्रभावको कारण सस्वरवाचनमा समस्या देखिएकाले विभिन्न भाषा समुदायका तल्लो कक्षामा अध्ययनरत विशेष गरी कक्षा चारका विद्यार्थीहरूमा केन्द्रित रहेर अध्ययन गर्ने उद्देश्यले "चार कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन"लाई यसको केन्द्रविन्दु बनाई निम्नलिखित समस्याहरू देखाइएको छ ।

१. चार कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमताको अध्ययन गर्नु,

२. प्रस्तुत कक्षाका विद्यार्थीहरूको सस्वरवाचन क्षमताको अध्ययन के कसरी गर्न सकिन्छ भन्ने कुराको खोज गर्नु ,

३. प्रस्तुत कक्षाका विद्यार्थीहरूको सस्वरपठनस्तर के कस्तो छ ?

४. सस्वरपठनमा के कस्ता समस्याहरू छन् र ती समस्या हुनाको कारण के हो ?

५. समस्याको समाधानको लागि के कस्तो सुझाव दिन सकिन्छ ?

## १.४. अध्ययनका उद्देश्यहरू

क) कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु ,

ख) भाषाका विद्यार्थीहरूको सस्वरपठन क्षमता पहिल्याउनु,

ग) विद्यार्थीहरूका सस्वरपठनसम्बन्धी समस्या र तिनका कारण पत्ता लगाउनु,

घ) उपरोक्त समस्या समाधानका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्नु ।

## १.५. अध्ययनको औचित्य

लिखित सामग्रीलाई आवाजमा परिणत गरी पढनु सस्वरपठन हो । यो भाषाका चारवटा सीपहरूमध्ये पढाइ सीप विकासको प्रारम्भिक र महत्त्वपूर्ण चरण हो । शुद्ध र

स्पष्ट उच्चारण यसको आधारशीला हो । जसरी उच्चारण अवयवबाट उच्चारित सबै ध्वनिहरू आफैमा अर्थयुक्त हुँदैनन्, त्यसरी नै भाषामा प्रयोग हुने लेख्य चिन्हहरूको मात्र पनि कुनै अर्थ हुँदैन । लेख्य चिन्हलाई सस्वरता दिई अर्थयुक्त बनाएर पाठक समक्ष पुऱ्याउन र पढाइमा गति, यति, लय, सुर, आघात आदिको ख्याल गरी प्रभावपूर्ण हाउभाउका साथ प्रस्तुत गर्न सस्वरपठनले सहयोग पुऱ्याउने हुँदा यससम्बन्धी अध्ययन महत्त्वपूर्ण रहको पाइन्छ । साथै यस अध्ययनबाट उपर्युक्त कुराहरूको क्षमता पहिचान, वर्णन, विश्लेषण, समस्याहरूको पहिचान, त्यसका कारणहरूको पहिचान हुने र सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण सुझावहरू प्रस्तुत हुने भएकाले यो अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

व्यक्तिको समाक्षरताको पहिलो खुड्किलो लेख्य भाषालाई पढ्न जान्नु हो । लेख्य भाषा जान्नु भनेको उसले ज्ञानको ज्योतिको अर्को ढोका खोल्नु हो । त्यसैले सस्वरपठनले विद्यार्थीहरूलाई मौन पढाइको आधार तयार गर्ने, आत्मविश्वासको वृद्धि गर्ने, मनोरञ्जन प्रदान गर्ने साथै, अझ उच्चारणमा सुधार ल्याउने जस्ता कुरामा सहयोग गर्ने र यसको अध्ययन मूलतः प्राथमिक कक्षाहरूमा नै आवश्यक हुने हुनाले उक्त कक्षामा यो अध्ययन औचित्यपूर्ण ठहर्ने देखिन्छ ।

कुनै पनि देशको आफ्नो मानक भाषा नै त्यसको राष्ट्रको पहिचानको आधार हो । तर हाम्रो जस्तो विविध भाषा भएको देशमा विशेष गरी  दोस्रो भाषा नेपाली हुने व्यक्तिहरूले मानक भाषाको बेवास्ता गरी कथ्य वा लेख्य भाषामा आफ्नो प्रभाव ल्याएको पाइन्छ । जसले उच्चारणका साथै लेख्य भाषाको सस्वरपठनमा देखिएका कमजोर पक्षलाई औंल्याई शिक्षण क्षेत्रमा सुझाव समेत दिने हुनाले यो महत्त्वपूर्ण हुने देखिन्छ । पढाइको

प्रारम्भिक चरण सस्वरपठन हुने र यसबाट पढाइसम्बन्धी हुने सम्पूर्ण गतिविधिको आधारशीला भएकाले यससम्बन्धी अध्ययन अझ महत्त्वपूर्ण हुने देखिन्छ ।

भाषामा सिकाइलाई भन्दा सीपलाई बढी जोड दिइन्छ । भाषिक सीप सिकाइको थालनी सुनाइबाट हुने भए पनि मूलतः पढाइसम्बन्धी सीप विकासको केन्द्रीयतामा नै अन्य सीपहरू भएको पाइन्छ । पठन स्पष्ट, शुद्ध भएमा नै त्यसबाट सुनाइ, बोलाइ र अझ लेख्य सीपमा समेत थप मद्दत पुग्न सक्छ । अझ पढाइको कुरा गर्ने हो भने सस्वरपठनबाट नै पढाइ शुद्ध भएर मौन पठन, द्रुत पठन र पठनबोधसम्बन्धी सीपको विकासमा थप टेवा पुग्दछ र अझ पढाइमा हुने सस्वरतामा शुद्धता र स्पष्टता देखिएमा उच्चारण वर्ण विन्यासमा पनि प्रशस्त मद्दत मिल्ने देखिन्छ । यी समस्त कुरालाई दृष्टिगत गर्दा सस्वरपठनसम्बन्धी अध्ययनबाट यस्ता समस्याहरूको निकास पाइने र भाषिका सीप विकासमा थप अनुसन्धान हुने भएकाले यो अध्ययन महत्त्वपूर्ण देखिन्छ ।

संक्षेपमा भाषिक सीपविकासको दृष्टिले यस अनुसन्धानले भाषा शिक्षणका क्षेत्रमा पाठ्यक्रम पाठ्यपुस्तकमा आंशिक रूपमा भएपनि अध्ययनले सहयोग पुऱ्याउने देखिन्छ ।

## १.६. अध्ययनको सीमा

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । त्यसैले अध्ययनको सम्पूर्ण पक्षलाई समेटन कठिनाई हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइ निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । त्यसकारण अध्ययनको निश्चित क्षेत्र सीमा नतोकिए अध्ययनले सही मार्ग छाड्दछ यस कुरालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

क) प्रस्तुत अध्ययन पर्वत जिल्लाका बाह्र विद्यालयमा अध्ययनरत जम्मा १०८ (एक सय आठ) जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

ख) यो अध्ययन कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनसँग केन्द्रित रहेको छ ।

ग) यो अध्ययन सामुदायिक तथा निजी विद्यालयका चार कक्षाका विद्यार्थीहरूमा र जातजातिगत विद्यार्थीका आधारमा व्याख्या विश्लेषण सीमित गरिएको छ ।

घ) यस अध्ययनका निष्कर्ष विद्यार्थीहरूबाट लिइएको परीक्षाबाट प्राप्त प्राप्ताङ्क विश्लेषणमा मात्र आधारित रहेको छ ।

## १.७. पूर्वकार्यको समीक्षा

कुनैपनि कार्य थालनी गर्नुभन्दा पहिले त्यससँग सम्बन्धित आधारहरू के रहेका छन् र हुन सक्दछन् भनी विगतको घटनाको सामान्य सिंहावलोकन गर्नु आवश्यक हुन्छ किनभने कुनै कामको आधार विगत हो जसले वर्तमानलाई निर्देशित गरी गतिमान बनाउँछ र अध्ययनलाई नै प्रमुख आधार मानी तिनीहरूको यहाँ उल्लेख गरिएको छ ।

सस्वरपठनसम्बन्धी पूर्वअध्ययनहरू खास गरी नेपाली भाषा शिक्षणका क्षेत्रमा निकै सीमित मात्रामा भएका छन् । त्यस्ता केही अध्ययनहरू पुस्तककार कृतिमा छन् । हेमाङ्गराज अधिकारीद्वारा वि. सं. २०५० (तेश्रो संस्करण) मा भाषाशिक्षण नामक पुस्तकमा भाषा शिक्षणको विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा 'सस्वरपठन शिक्षण' नामक एक अध्यायमा सस्वरपठनको परिचय यसको आवश्यकता र महत्त्वका बारेमा विस्तृत चर्चा गरिएको छ । यसमा सस्वरपठनको स्तर, सस्वरपठनका सन्दर्भमा आवश्यक पर्ने कुराहरू गति, यति, आघात, स्वरप्रशारण, सस्वरपठनको अभ्यासका बारेमा परिचय परिभाषा र

आधारभूत कुराहरूको उल्लेख गरिएको छ । यसै पुस्तकलाई आधार मानी सामग्री संकलन, व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत पुस्तक शिक्षण सन्दर्भमा लेखिएको भए पनि यस शोध अध्ययनका लागि समेत प्रशस्त उपयोगी ठहर्छ किनभने यसमा सस्वरपठनको स्तर कुन तहका लागि कस्तो हुनुपर्छ ? विधा र पाठ अनुसार गति, यति, लय, र स्वरप्रसारण आदि कुन रूपमा हुनुपर्छ । तथ्यहरूको सङ्कलनमा कुन-कुन कुरालाई हेर्न सकिन्छ भन्ने कुराहरूको स्पष्ट जानकारी पाउन सकिन्छ । शिक्षणीय उद्देश्यले तयार पारिएको प्रस्तुत पुस्तकका जानकारीहरूलाई शोध अध्ययनमा प्रतिस्थापन गरेर हेर्दा यो अत्यन्त उपयोगी ठहर्ने देखिन्छ ।

यस्तै गरेर यादव प्रकाश लामिछानेद्वारा “नेपाली भाषा शिक्षण परिचय” नामक एक अर्को पुस्तक (२०५२) मा उल्लेख गरिएका कुराहरू पनि यहाँ समवेश गर्नु उपयुक्त हुन्छ । यस पुस्तकमा उच्चारण तथा सस्वरपठन शिक्षण अध्यायमा उच्चारण र सस्वरपठनलाई अन्तरसम्बन्धित गरी उच्चारण शिक्षणका विभिन्न पक्षहरू उल्लेख गर्दै सस्वरपठन शिक्षण- अन्तर्गत माध्यामिक तहका सन्दर्भमा सस्वरपठन शिक्षणको आवश्यकता, सामग्री छनौट र विभिन्न क्रियाकलापको जानकारी समावेश गरिएको छ । यस क्रममा माथि उल्लेखित बाहेक सस्वरपठनमा हाउभाउ प्रदर्शन हुनुपर्ने, चिन्हरूहको ख्याल गरी पठन गर्नुपर्ने, गति, यति मिलाउदै भाव अनुसार पढ्न सक्नुपर्ने कुराहरूमा जोड दिइएको छ । उच्चारण र सस्वरपठनको शिक्षणमा अपनाउनुपर्ने विधिहरू, तरिकाहरू तथा कार्यकलापहरूका बारेमा यसका आवश्यकता र तत्त्वका सम्वन्धमा जानकारी दिने उद्देश्यले तयार पारिएको हो । यसमा सस्वरपठनसम्बन्धी धेरै कुराहरू उल्लेख गरिए पनि प्राथमिक तहको सन्दर्भमा केही उल्लेख नगरी माध्यामिक तहका

सन्दर्भमा मात्र प्रस्तुत गरिएकाले तल्ला कक्षाहरूमा त्यति ख्याल गरिएको पाइदैँन । सस्वरपठन भनेको माथिल्लो तहमा भन्दा तल्ला कक्षाहरूमा बढी सान्दर्भिक विषय हो । यति हुँदाहुँदै पनि यस पुस्तकलाई आधार मान्न उपयुक्त ठहर्ने देखिन्छ ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार पारिएको प्रारम्भिक नेपाली शिक्षण (२०५४) पुस्तक महत्त्वपूर्ण छ । यसमा प्राथमिक कक्षाहरूमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनुपर्ने तरिका, विधि तथा कार्यकलापका बारेमा उपयोगी जानकारी दिइएको छ । सस्वरपठन शिक्षण नामक एक छुट्टै अध्याय खडा गरी पढाइका क्रममा सस्वरपठनको आवश्यकता सस्वरपढाइमा ध्यान दिनुपर्ने कुराहरूअन्तर्गत गति, यति, चिन्ह प्रयोग, हाउभाउ, लय, सुर, आघात, भाव आदि किन र कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट जानकारी दिइएको छ । त्यस्तै सस्वरपठनका कार्यकलाप अन्तर्गत शब्दगठन, वाक्यगठन, अनुच्छेदगठन, गति, यति मिलाई पढ्ने, विरामचिन्ह आदिको विचार गरी पढ्ने भाव अनुसार पढ्ने र विभिन्न विधाअन्तर्गत पाठहरूको पठनको सोदाहरण चर्चा गरिएको छ । शिक्षणका क्रममा तयार पारिएको भए पनि अध्ययनको सामग्री सङ्कलन र व्याख्या विश्लेषणमा प्रस्तुत पुस्तक उपयोगी ठहर्ने देखिन्छ ।

शोधपत्रका क्षेत्रमा सस्वरपठन क्षमता सम्बन्धीअध्ययन नगन्य रूपमा मात्र भएको पाइन्छ । यस्ता शोधहरू त्रुटि विश्लेषण, व्यतिरेकी विश्लेषण, पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषण, पाठ्यक्रमको अध्ययन विश्लेषण, शिक्षण विधिहरू र मूल्याङ्कनका क्षेत्रमा प्रशस्त अध्ययनहरू भएका छन् । साथै प्रस्तुत शीर्षकसँग केही सामीप्य राख्ने वर्णविन्यास, वाक्यगठन आदिका बारेमा पनि प्रशस्तै अध्ययन भएका छन् । यसै सिलसिलामा वर्णविन्यास वाक्यगठन शब्दोच्चारणसम्बन्धी शोध अध्ययन गर्ने क्रममा गंगाबहादुर के.

सी. (२०५५) द्वारा आंशिक रूपमा एक अध्याय खडा गरी सस्वरपठनसम्बन्धी केही झल्को प्रस्तुत गरेको पाइन्छ । के.सी.द्वारा सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण मगरभाषी विद्यार्थीहरूले नेपाली भाषामा गर्ने त्रुटिहरूको विश्लेषण नामक शोधग्रन्थमा विद्यार्थीहरूको कविताको सस्वरपठन शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा गर्ने त्रृटिहरू पत्ता लगाउने उक्त त्रुटिहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्ने र प्राप्त निष्कर्षको आधारमा सुझावहरू प्रस्तुत गरिएका छन् ।

यसको निष्कर्षमा शहरी र ग्रामीण दुबै विद्यार्थीलाई कुनै एउटा पाठ पढ्न लगाएर प्राप्त नतिजालाई आधार मानिएको छ । जसमा शहरी, ग्रामीण दुवै क्षेत्रका विद्यार्थीले अतिराम्रो र नराम्रो स्तरको सस्वरपठन गर्ने कोही देखाइएका छैनन् सामान्यस्तरको पठन गर्ने नै बढी देखिएका छन् ।

सस्वरपठन क्षमताको अध्ययनसम्बन्धी शोधमा २०६० सालमा भूमिप्रसाद सुवेदीले पाँचौ कक्षामा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषामा सस्वरवाचनसम्बन्धी अध्ययन" गरेको पाइयो । यो त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत गरेको पाइयो । यसमा अध्ययनका लागि कक्षा ५ मा सार्वजनिक तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको जनसंख्यालाई नमुनाको रूपमा मानी काठमाडौ उपत्यका भित्रका १० वटा विद्यालय ( ५ निजी र ५ सरकारी ) छनोट गरिएको पाइयो । तीमध्ये कक्षा ५ मा अध्ययन गर्ने १० जना ( ५ जना पहिलो भाषा नेपाली हुने र ५ जना नेपाली दोस्रो भाषा हुने ) विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको पाइयो । उनको अध्ययनमा सस्वरवाचनको समग्र स्थितिलाई हेर्दा अध्ययनमा विद्यार्थीहरूले कहीँ बढी विराम गरेका, कहीँ कम विराम गरेका, अन्य विराम चिन्हहरूलाई

ख्याल नगरी स्वरप्रशारण र आरोह-अवरोह नमिलाइएको, हाउभाउ र अङ्ग सञ्चालनमा पनि उपयुक्तता हुन नसकेको स्थिति पाइयो । उनको अध्ययनमा सस्वरवाचन अध्ययनका क्रममा केही गर्न हुने र नहुने कुराहरू राखी फारम भर्न लगाइ त्यसमा अत्युत्तम, उत्तम, मध्यम र निम्न आधार छुट्याई त्यसमा निष्कर्ष निकालेको पाइयो ।

सुवेदीको व्याख्या विश्लेषणकोआधारमा फारममा सस्वरवाचनका सातवटा स्तम्भहरू राखेर हेरेको पाइयो । सबै शीर्षकमा प्रायशः मध्यम र निम्न स्तरको परिणाम देखिएको पाइयो । स्पष्ट उच्चारण, बोध्यताको मात्रा र गति, यतिमा भने उत्तम स्तरको नतिजा र नजान्ने र अत्युत्तममा कमै मात्रामा विद्यार्थीहरू पाइए । उनको निष्कर्षअनुसार निजी र सरकारी विद्यालयमा अधिकांश विद्यार्थीहरू मध्यम र निम्न स्तरका नै देखिएका छन् ।

निजीका तुलनमामा सरकारी विद्यालयका विद्यार्थीहरू सस्वरवाचनमा राम्रा हुन्छन् भन्ने धारणा राखेको पाइयो । सबै शीर्षक तथा स्तम्भहरूमा सरकारीकै नतिजा राम्रो देखिन्छ । यसको प्रमुख कारण नेपाली माध्यममा पठन र शिक्षण नेपाली भाषिक वातावरण हो भन्ने निष्कर्ष निकालेको पाइयो ।

शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागमा सस्वरवाचन/सस्वरपठन क्षमताको अध्ययन शीर्षकमा थोरै मात्र अध्ययन भएका र भाषिक सीपअन्तर्गत महत्त्वपूर्ण सीप पढाइको सस्वरवाचन अति आवश्यक पक्षमा कम मात्र अध्ययन भएकाले अध्यताले उक्त शीर्षक रोजेको छ ।

## १.८. शोध विधि

कुनै पनि कार्यगर्दा पूर्वयोजना गरिएको कार्य व्यवस्थित साथै विश्वसनीय हुन्छ । प्रस्तुत अनुसन्धान अध्ययन गर्दा सुरूदेखि अन्त्य सम्म कुन कुन विधि साथै के के गरिनेछ भन्ने बारेमा निम्नानुसार उल्लेख गरिएको छ ।

प्रस्तुत अध्ययन मूलतः सर्वेक्षण पद्धतिका आधारमा सम्पन्न गरी यस क्रममा जनसङ्ख्या पहिचान र नमुना छनोट तथ्य सङ्कलनका लागि सामग्री निर्माण, तथ्य संकलन तथा व्याख्या विश्लेषणका निम्नानुसार प्रक्रिया अवलम्बन गरिएको छ ।

नमुना छनोट गर्न कक्षा ४ का सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको नमुनाको रूपमा पर्वत जिल्ला भित्रका १२ वटा विद्यालय लिइनेछ । सामग्री निर्माण गर्नको लागि तथ्य संकलन गर्ने खालका फारामहरू भर्ने र त्यो फाराम भराउनको लागि **'मेरो नेपाली किताब'** कक्षा ४ का कथा, जीवनी र प्रबन्धलाई आधार मानी आवश्यकता अनुसार छनोट गरिएको छ र तिनलाई सस्वरपठन गर्न लगाई क्षमताको अध्ययन गरिनेछ । तथ्य सङ्कलनका लागि प्रत्येक विद्यालयका विद्यार्थीलाई सस्वरवाचन गर्न लगाइएको छ र नमुनाको रूपमा आवश्यकताअनुसार तथ्य सङ्कलन गरिएको छ । जसको क्रममा अनुसन्धानकर्ताले जाँचसूचीको निर्माण गरी विभिन्न शीर्षक र उपशीर्षकहरू दिएर उक्त सूचीमा सस्वरवाचनमा देखिएका विभिन्न पक्षहरूलाई विभिन्न सङ्केतको आधारमा भरेर तथ्य सङ्कलन गरिएको छ । त्यसै तालिकाको आधारमा व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्ष निकालिएको छ ।

## १.९. शोधपत्रको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई  : सस्वरपठनको सैद्धान्तिक अवधारणा र यसका आधारहरू

अध्याय तीन : व्याख्या विश्लेषण

अध्याय चार : सस्वरवाचनमा देखिएका समस्या

अध्याय पाँच : निष्कर्ष र सुझावहरू

परिशिष्ट

# अध्याय दुई

# सस्वरपठनको सैद्धान्तिक अवधारणा

## २.१ परिचय र परिभाषा

भाषा विचार विनिमय र सम्प्रेषणको माध्यम हो । मानिस भाषाको माध्ययमले नै एक आपसमा आत्मीयता, सहृदयता र सहभावको आदानप्रदान गर्दछ । भाषा मानव मात्रको पेवा हो । मानिस कसैसँग परिचय गर्न सुख दुःख साटासाट गर्न र आत्मीयता प्रकट गर्न भाषाको प्रयोग गर्दछ । भाषाले गर्दा नै मानिसले संसारमा यती धेरै अधिपत्य जमाउन सफल भएको हो । भाषाको सहायताले नै मानिसले यस्ता अधिकार र प्रभुत्व जमाउन सफल भएका हुन् ।

भाषाका चारवटा सीपहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । दैनिक कार्यकलापको आधाभन्दा बढी समय लिने सुनाइले मानिसको सिकाइ प्रक्रियामा महत्त्वपूर्ण स्थान ओगटने कुरा निश्चित छ । विद्यार्थीलाई कक्षाका प्रत्येक क्रियाकलापको सुरूवात सुनाइबाट हुन्छ । अर्काले बोलेको सुन्दैजानाले नै उसको अभिव्यक्तिको स्वरूप पनि निश्चित हुँदै जान्छ । विद्यालय जानुभन्दा पहिले नै विद्यालयका प्रारम्भिक वर्षहरूमा सिकाइका माध्यमका रूपमा प्रभावशाली भूमिका सुनाइले खेल्दछ । सानो बालक आफ्ना बाबुआमाबाट खाने, लगाउने, आचार व्यवहारमा भाग लिने, खेल्ने आदि कुराहरू सुनाइको माध्यमबाट गर्ने गर्दछन् । फेरि भर्खर विद्यालय प्रवेश गरेको बालकलाई नयाँ नयाँ कुरा वा जानकारी हासिल गर्ने माध्यम सुनाइ नै हुन्छ । यसरी बालकको भाषा सिकाइको

सुरूआत सुनाइबाट हुने त हुँदैछ, उसको ज्ञानार्जन गर्ने प्रारम्भिक आधारभूत माध्यम पनि यही बनेको छ ।

भाषिक सीपको दोस्रो महत्त्वपूर्ण सीप बोलाइ हो । मान्छेका आफ्ना आवश्यकता र इच्छा व्यक्त गर्न भाषा आवश्यक हुन्छ । यसका साथै अर्कालाई कुनै काम गर्न उक्साउन, प्रोत्साहित गर्न, निर्देशन दिन उपदेश दिन, आश्वासन दिन र खास जानकारी दिन वा लिन बोलीको आवश्यकता हुन्छ ।

बोलाइ भाषाको आधारभूत सीप पनि हो । सर्वसाधारणका लागि भाषा भनेको बोलाइ नै हो । भाषाको लेख्य रूप पनि हुन्छ तर त्यो लेख्य रूप शिक्षितहरूका लागि मात्र हो । जनसाधारणको भाषा बोलाइ नै भएकाले यसको उपयोग लेखाइको अपेक्षा ज्यादै विस्तृत एवम् व्यापक हुन्छ । घरपरिवार, छरछिमेक, समुदाय तथा समाजका कुरामा सहभागी हुनको लागि अभिव्यक्तिगत क्षमता हुनु आवश्यक छ ।

मानवीय र सामाजिक सम्बन्ध स्थापित गर्न बोलाइ उपयुक्त उपाय मानिन्छ । बालक वा विद्यार्थी एवम् युवा र वृद्धहरू सबैलाई आपसी परिचय, हार्दिकता एवम् मैत्रिकता कायम गर्न बोली आवश्यक हुन्छ । विद्यार्थीसाथीसँग हेलमेल हुन, मित्रता कायम गर्न विद्यालयीय वातावरणमा घुलमिल हुन बोली आवश्यक मानिन्छ । बोलाइ अभिव्यक्तिको माध्यम पनि हो । यति मात्र नभएर यो अभिव्यक्तिको उच्चतम् र प्रभावशाली माध्यम पनि हो ।

सुनाइ, बोलाइजस्ता भाषिक सीपको विकास भइसकेपछि तेस्रो महत्त्वपूर्ण सीप पढाइ हो । पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान, एवम् सूचनालाई पाठकद्वारा आफ्नो मस्तिष्कले संगठित गर्ने सीप हो । लिखित सामग्री बुझ्नुका साथै बुझाउन सक्ने

क्षमता प्राप्त गर्नुलाई पढाइ भनिन्छ । पढाइ भन्नाले लिखित सामग्रीमा पाठकका आँखाद्वारा मस्तिष्कले संङ्गठित गर्ने सीप हो । यसो भएमा थप सुनाइ, बोलाइ र अझै लेखाइलाई समेत  थप टेवा पुग्ने देखिन्छ । तसर्थ पढाइ भाषाका सीपहरूमध्ये महत्त्वपूर्ण मानिन्छ । पढाइ सीपका बारेमा विभिन्न विद्वानहरूले विभिन्न परिभाषा दिएको पाइन्छ ती परिभाषाहरूमध्ये केहीलाई यस सन्दर्भमा प्रस्तुत सान्दर्भिक ठानिन्छ । मोहिल (MOYLE) का अनुसार :- “बोधमा स्पष्टताको र सम्पूर्णताको साथै अर्थहरूको महत्त्वपूर्ण तत्वहरूको बीचमा आवश्यकीय सम्बन्धको पहिचान गर्न सक्नु नै पठन सीप हो ।” त्यस्तै (Strange 1978) स्ट्रेन्जका अनुसार “पढाइले व्यक्तिलाई त्यस्तो अनुभव प्रदान गर्दछ जसका माध्यमद्वारा उसले आफ्नो क्षितिजलाई बढाउँछ, परिचयलाई फराकिलो पार्छ, आफ्ना चाहनालाई बिस्तार गर्छ, आफूलाई गहिराइमा गएर बुझ्दछ यती मात्र नभएर सारा भावनालाई बुझ्दछ अनि संसारलाई नियाल्दछ ।” त्यस्तै चाको (Chacko) का अनुसार पढ्न सिक्नु भनेको हिँडन सिक्नु जस्तो हो ? कागजमा छापिएको शब्द पहिलोपटक चिन्यो भन्दैमा पठन शुरू भएको मानिदैन । जब कि पहिलो शब्द उच्चारण गर्दा बोल्न सुरू गऱ्यो भन्ने मानिन्छ । पढाइको महत्त्व तबमात्र स्पष्ट हुन्छ जब कसैले राम्ररी पढ्न नसक्नेलाई परेको असरले विचार गर्छ । दैनिक जीवनमा पढ्नको धेरै महत्त्व छ । पढाइको महत्त्व स्कुल र कलेजमा मात्र नभएर घरमा पनि उत्तिकै छ । यदि बच्चाले राम्रोसँग पढन जानेन भने उसको शिक्षामा नै आघात पर्न जाने देखिन्छ ।”

यी विभिन्न विद्वानहरूका परिभाषालाई हेर्दा पढ्न सिक्नु भनेको हिँडन सिक्नु जस्तै हो जसरी हिड्न नजानिकन दौडन थाल्यो भने लडिन्छ त्यसैगरी पढ्न नसिकीकन भाषाका अरू सीप सिकाउन थाल्यो भने अधुरो हुन्छ । पढाइ स्कुल र कलेजमा मात्र

सीमित नभएर यो दैनिक जीवन व्यवहार र क्रियाकलापमा पनि त्यती नै आवश्यक ठानिन्छ । पढाइद्धारा मानिसले आफ्नो परिचयका साथै ज्ञानको क्षितिज बढाउँछ । आफ्ना इच्छा, आकांक्षा र चाहनालाई विस्तार गरी आफूलाई गहिराइमा बुझ्दछ र संसारलाई नजिकमा गएर नियाल्ने अवसर प्राप्त गर्दछ । लिखित सामग्रीलाई दुई तरिकाले पढ्न सकिन्छ ।

**क) सस्वरपठन**

**ख) मौनपठन**

**क) सस्वरपठन**

लिखित सामग्रीलाई अर्कोले सुन्नेगरी कथ्य भाषाको ढाँचा अनुसार आवाज निकाली पढ्नु सस्वर पढाइ हो । यसमा लिखित सामग्रीको बोधका साथै स्रोता र शब्दोच्चारणका महत्त्वपूर्ण स्थान हुन्छ । सस्वरपठनमा पाठकले आफूलाई लिखित सामग्रीमा केन्द्रित गराउनु पर्छ र त्यसका भावलाई अवस्थानुकूल एवम् भावनुकूल उच्चतम् प्रभावकारिता दिनु अपेक्षित हुन्छ । बोलाइमा वक्ताले स्रोतालाई ध्यान दिएर बोले जस्तै सस्वरपठनमा पाठकले स्रोतालाई ध्यान दिनुपर्छ । प्रारम्भिक कक्षाहरूमा मौन पठन भन्दा सस्वर पठनको आवश्यकता धेरै ठानिन्छ किनकि सुरुमा ध्वनिप्रतिक र लिपिबद्ध अक्षर वा वर्णलाई उच्चारण गर्ने अभ्यास हुन्छ त्यसपछि क्रमश वर्णोच्चारण, शब्दोच्चारण गर्दै वाक्य अनुच्छेद र समग्र पाठकै उच्चारण गरेर पढ्ने काम हुन्छ । विद्यार्थीहरू विस्तारै लिपिबद्ध सामग्रीमा व्यक्त विषयवस्तु वा कथ्यसँग परिचित भइसकेपछिमात्र उनीहरूलाई मौन पठन तर्फ अग्रसर गराउनु उपयुक्त मानिन्छ । अक्षर उल्टोपाल्टो पारी पढ्ने, शब्द-शब्द छुट्टाई पढ्न नसक्ने ठाउँमा शब्द वा अक्षर छाडी पढ्ने

अनि गलत उच्चारण गरी पढेर अर्के अर्थ वा अभिप्राय व्यक्त हुने जस्ता त्रुटिहरूलाई सस्वरपठनकै सहयोगले निदान गर्न सकिन्छ । सस्वरपठनसम्बन्धी विभिन्न विद्वानहरूका विचारहरूलाई प्रस्तुत गर्न सान्दर्भिक ठानिन्छ ।

हेमाङ्गराज अधिकारीको अवधारणाअनुसार "सस्वरपठन भनेको लिपिबद्ध चिन्हहरूलाई आवाज निकाली स्रोताले सुन्नेगरी सजीव वा अर्थपूर्ण बनाउनु हो ।" (२०५० :६९)

डिल्लीराम रिमालको अवधारणाअनुसार "भविष्यमा बालकलाई कुशल वाचक बनाउन र ठीकसँग बुझेर पढने सीपको विकासमा सस्वरपठन आवश्यक छ । (रिमाल २०५७ : १०५) " केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलका अनुसार "अरूले बुझ्ने गरी हाउभाउपूर्ण शुद्ध एवम् स्पष्टसँग पढ्ने बानीको विकास गर्न सस्वरपठन आवश्यक हुन्छ ।" (२०६०: ११२)

**ख) मौनपठन**

लेख्य भाषालाई उच्चारण नगरी वाचन गर्ने प्रक्रिया नै मौन पठन हो । यसमा अङ्ग परिचालन वा भाषिकेतर क्रियाकलापको आवश्यकता पर्दैन । पाठकले आफ्ना आँखालाई पाठ्यसामग्रीका लिखित भाव विचारहरूमा केन्द्रित गर्दछ । यस्तो पठन प्रारम्भिक कक्षाहरूमा भन्दा उपल्ला कक्षाहरूमा बढी उपयुक्त हुन्छ ।

सुनाइ, बोलाइ, पढाइ, पछिको सीपमा लेखाइ सीप आउँछ । जससँग बोलेर विचार विनिमय गर्न कठिन हुन्छ, त्यससँग लेखेर विचार विनिमय गर्न सकिन्छ । यो लेखाइसीप भाषिक सीपको सबभन्दा स्तरीय वा माथिल्लो सीप भनिन्छ तर प्रारम्भिक कक्षा वा कक्षा ४ का विद्यार्थीहरूलाई मौनपठन भन्दा सस्वरपठन आवश्यक मानिन्छ ।

## २.२. सस्वरपठनको उद्देश्य र कार्य

सस्वरपठन भनेको लिपिबद्ध चिन्हहरूलाई आवाज निकालेर उच्चारण गर्नु हो । सस्वरपठनमा लेख्य सामग्रीलाई बोलीमा परिणत गर्नु हो । यसबाट लेख्य लिपिचिन्हहरूलाई आवाज निकालेर उच्चारण गर्दा हुने गल्तीहरू सुधारेर परिष्कृत दिलाइ बोलीका विविध सीपहरू समेत विकास गर्न सकिन्छ । लेख्य सामाग्रीलाई बोलीमा परिणत गरेर अभिव्यक्ति कृत्रिमतालाई सहजतापूर्वक कथ्यभाषाको निकटमा पुऱ्याउनुलाई सस्वरपठनको महत्त्वपूर्ण प्राप्ति मान्न सकिन्छ ।

सस्वरपठन पढाइसीप विकासको प्रारम्भिक चरण पनि हो । पढाइको प्रारम्भमा ध्वनिप्रतीक र लिपिबद्ध अक्षर वा वर्णलाई उच्चारण गर्ने अभ्यास हुन्छ । त्यसपछि क्रमशः वर्णोच्चारण र शब्दोच्चारण गर्दै वाक्य, अनुच्छेद र समग्र पाठकै उच्चारण गर्ने र पढने काम हुन्छ । विद्यार्थीहरू विस्तारै लिपिबद्ध सामग्रीहरूमा व्यक्त विषयवस्तु वा कथ्यसँग परिचित भइसकेपछि मात्र उनीहरूलाई मौनपठन तर्फ अग्रसर गराउनु उपयुक्त मानिन्छ । अक्षर उल्टोपाल्टो गरी पढने शब्द-शब्द छुट्टाई पढ्न नसक्ने, ठाउँ-ठाउँमा शब्द वा अक्षर छाडी पढ्ने अनि गलत उच्चारण गरी पढ्ने र त्यसरी पढ्दा अर्कै अर्थ वा अभिप्राय व्यक्त हुने जस्ता त्रुटिहरूलाई सस्वरपठनकै सहयोगले निदान गर्न सकिन्छ । सस्वरपठनको यस किसिमको अभ्यास नभएमा विभिन्न किसिमका त्रुटिहरू बाँकी रहेर तिनले मौनपठन र बोध क्षमताको विकासमा समेत ह्रास ल्याउन सक्ने सम्भावना रहन्छ । त्यसैले यस्ता समस्याहरूको समाधान गर्नु सस्वरपठनको प्रमुख उद्देश्य मानिन्छ ।

लिखित अभिव्यक्तिलाई विधाको मर्म र भावनाअनुसार नपढिएमा त्यस्तो अर्थ र आशयमा समेत असर पर्ने भएकाले सोही बमोजिम सस्वरपठन गराउनु उपयुक्त मानिन्छ ।

क. शुद्ध उच्चारण गराउन,

ख. शुद्ध पढ्ने बानी बसाल्न,

ग. बोलाइ सीपको विकास गर्न,

घ. बोध ग्रहण गर्न,

ङ. बोधमा स्पष्टता र अर्थका तत्त्वहरूकाबीचमा सामीप्यता ल्याउन,

च. विद्यार्थीको ज्ञानलाई फराकिलो पार्नुका साथै संसारलाई नियाल्न,

छ. भविष्यमा बालकलाई कुशल वाचक बनाउन,

ज. लिपिबद्ध सामग्रीलाई आवाज निकाली पढन,

झ. स्रोताले बुझ्ने गरी हाउभाउपूर्ण तरिकाले पढन ।

यी माथिका कार्यहरूको व्याख्या यसरी गर्न सकिन्छ :-

**क) शुद्ध उच्चारण गर्न**

सिकारूले उच्चारण गर्दा हुनसक्ने त्रुटिको ख्याल गर्नका लागि सस्वरवाचन गराइन्छ । शुद्धतालाई ख्याल गर्दै उच्चारण गर्न लगाएमा तत्कालै गल्ती पत्ता लगाई निराकरण गर्न मद्दत पुग्दछ ।

**ख) शुद्ध पढ्ने बानी बसाल्न**

कतिपय विद्यार्थीहरूमा पढ्दा ह्रस्व, दीर्घ विराम आदिलाई ख्याल गर्ने प्रवृत्ति हुँदैन । नेपालीमा जसरी पढिन्छ त्यसरी लेखिदैँन र जसरी लेखिन्छ त्यसरी पढिदैँन् । सामान्य पाठकले पनि शुद्धसँग पढन सकोस् भन्ने उद्देश्यले सस्वर पढाइ गरिन्छ । कण्ठ गरेको सामग्री जहाँ पनि प्रस्तुत गर्न सकिन्छ तर सस्वर पढाइ कण्ठ गर्नका लागि होइन शुद्ध पढनका लागि हो । पढेको सामग्री स्रोतासमक्ष पुऱ्याउन यो पढाइको प्रयोग हुन्छ ।

**ग) बोलाइ सीपको विकास गर्न**

लिखित सामग्री पढ्दा सुरू सुरूमा आत्तिने र हड्बडाउने स्थिति देखिन्छ । सस्वरपढाइ गर्दा यस्ता बानीहरू बिस्तारै हट्दै जान्छन् र सिकारूले स्रोताहरूलाई आकर्षण गर्न सक्ने गरी बोल्ने गर्दछन् ।

**घ) बोध ग्रहण गर्न**

पढेका विषयको भाव सम्झन र चाहिएको समयमा आवश्यक कुरा व्यक्त गर्न पनि सस्वरपढाइले सहयोग गर्दछ । एक पटक पढेका सामग्रीबाट भविष्यमा पनि विविध कार्य सञ्चालन गर्न सकिन्छ । लिपिबद्ध भाषालाई सजीव तुल्याउन सस्वर पढाइ चाहिन्छ । लिखित सामग्री पढ्दा नाटकीकरण, हाउभाउ गरी अभिव्यक्तिलाई प्रभावकारी तुल्याउन सस्वरवाचनको आवश्यकता हुन्छ ।

**ङ) बोधमा स्पष्टता र अर्थका तत्त्वहरूकाबीचमा सामीप्यता ल्याउन**

सस्वरवाचन गर्दा बोध स्पष्ट रूपले हुनेगरी गर्नुपर्छ । बोध स्पष्ट हुनका लागि विधाको मर्म भावना र हाउभाउसहित स्पष्ट उच्चारण गर्नुपर्दछ । त्यसरी स्पष्टताका साथ सस्वरवाचन गरेमा मात्र अर्थहरूका बीचमा सामीप्यता आउँछ र अर्थ स्पष्ट हुन्छ ।

**च) विद्यार्थीको ज्ञानलाई फराकिलो पार्नुका साथै संसारलाई नियाल्नु**

पठन सीपको प्रभावकारिता भएमा मात्र विद्यार्थीले विभिन्न विषयमा ज्ञान पाउँछन् । विद्यार्थीको ज्ञानलाई फराकिलो पार्न सस्वरपठनले सहयोग गर्दछ । कुन देश वा ठाउँमा के भयो भन्ने कुरा पढाइबाट मात्र थाहा हुन्छ पढेर मात्र नयाँनयाँ र धेरै टाढाका कुरा थाहा पाउँछन् ।

### छ) भविष्यमा बालकलाई कुशल वाचक बनाउनु

बालक जब तोते बोली बोल्न थाल्छ उसले अशुद्ध शब्द र वाक्यगठन गरिरहेको हुन्छ । यदि सस्वरपठन वा सिकाइमा सुधार नहुने हो भने बालकले त्यस्तै अशुद्ध शब्द र वाक्य गठन गरिरहन्छ । त्यस्तो अशुद्धपन हटाइ स्पष्ट र आवश्यक गति-यति मिलाइ वाचक बनाउन यसले सहयोग गर्दछ ।

### ज) लिपिबद्ध सामग्रीलाई आवाज निकाली पढ्नु

पठन सीप विकास गर्नको लागि विद्यार्थीलाई पटक पटक शिक्षकले सुन्ने गरी सस्वरवाचन गराइरहनुपर्छ । यसरी अभ्यास गराइ रहँदा उसको लजालुपन शब्द र वाक्यको पुनरावृत्ति अक्मकाउने जस्ता गल्तीहरूको सुधार भई विधाको मर्म र भावनाअनुसार गति यति लय र हाउभाउ मिलाई स्पष्ट रूपमा सस्वरवाचन गराउन सकिन्छ वा गर्न सक्छ ।

### झ) स्रोताले बुझ्नेगरी हाउभाउको पूर्णतरिकाले पढनु

सबै कुराकानी वा छलफल बोलेर मात्र भन्दा हाउभाउपूर्ण तरिकाले बोल्दा सजिलै सँग बुझ्ने हुन्छ । तसर्थ सस्वरपठनको अभ्यास गर्दा विभिन्न अङ्ग सञ्चालन गरी हाउभाउका साथ स्पष्ट रूपमा पढेमा त्यो पढाइ प्रभावकारी हुन्छ ।

## २.३. सस्वरपठन अध्ययनका आधारहरू

सस्वरपठन भनेको लिपिबद्ध सामग्रीलाई हाउभाउ, गति, यति, लय, विधाको मर्म र भावना अनुसार आवाज निकाली पढ्नु हो । यसमा पाठकले पढेर मात्र हुँदैन स्रोतालाई बुझाउन पनि पर्ने हुन्छ । फेरि सस्वरपठन पढाइ र बोलाइ सीपको प्रारम्भिक आधार पनि हो । शुद्ध बोल्न स्पष्ट र हाउभाउ सहित बोल्न यसैको सहायताले नै सकिन्छ । लय,

हाउभाउ, गति, यति विधाको स्वभाविकता सस्वरपठनबाट नै ठीक भयो वा भएन र भएन भने के गरेपछि ठीक हुन्छ भन्ने कुराको पृष्ठपोषण दिन पनि यसैले नै सहायता गर्दछ ।

सस्वरपठन माथिल्ला कक्षाहरूमा भन्दा तल्ला कक्षाहरूमा बढी उपयुक्त मानिन्छ । तल्लो कक्षामा जति सजिलैसँग सस्वरपाठनको अभ्यास गर्न सकिन्छ र स्वभाविक र आवश्यकता हुन्छ माथिल्ला कक्षामा त्यो हुदैँन । तल्ला कक्षाअनुसार सस्वरपठनका आवश्यक नियमसहित पठन गर्न सकिएमा त्यस्ता विद्यार्थीले गर्ने गल्ती माथिल्ला कक्षामा हुदैँन र पढाइ प्रभावकारी हुन्छ । यिनै कुराहरूलाई दृष्टिगत गरी प्रस्तुत शोध अध्ययन प्राथमिक तहको विशेष गरी कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित गरिएको छ ।

प्रस्तुत शोध अध्ययन सस्वरवाचन कसरी गराउने भन्ने सन्दर्भमा गति-यतिको अवस्था पदयोग, पदवियोग, हाउभाउ, विधाको ख्याल, आरोह-अवरोह चिन्ह प्रयोग बोधगम्य उच्चारण, शब्द र वाक्यको पुनरावृत्ति थेगोको प्रयोग मातृभाषा वा भाषिकाहरूको प्रयोग विद्यार्थीले सस्वरपाठनमा कत्तिको ख्याल गऱ्यो भन्ने आधारमा प्रस्तुत शोध अध्ययन केन्द्रित रहेको छ । तिनीहरूलाई पनि तल भनिएकै तालिका भरी अध्ययन गरिनेछ ।

### २.३.१ गति-यति

पढ्दाखेरि कहाँसम्म सरसर्ति पढ्ने कहाँ रोकिने यही पढाइको वेग वा रोकावटलाई गति-यति भनिन्छ ।  आवश्यकता र स्वाभाविकता अनुकूल छिटो छिटो पढनु पढाइमा गति प्रदान गर्नु हो । यो विधा र स्रोतालाई ख्याल गरी पढनुपर्ने हुन्छ । पढ्दा शब्द-शब्द छुट्टाएर आवश्यक ठाउँमा पढाइको स्वाभाविकतालाई खजमजिन नदिई पढ्नु नै पढाइमा यति दिनु हो । जुनसुकै विधा वा तत्सम्वन्धी पाठ सस्वर पढ्दा गतिका साथै यति मिलाइ

पढ्नु आवश्यक छ । यस्तै शुद्धता र स्पष्टता एकातिर केही हदसम्म गति, यति मिलाई पढनुमा आधारित हुन्छ भने अर्कातिर वर्ण, अक्षर, शब्द एवम् वाक्यको सही उच्चारणमा पनि आधारित हुन्छ । तल दिइएका अनुच्छेदलाई पढ्न लगाई गति र यतिको अवस्था थाहा पाइन्छ ।

*समाचार-पत्र अर्थात् अखबार मानिसहरूलाई विविध विषयको जानकारी दिने माध्यम हो । छापाखानामा छापिएर बाहिर बजारमा आएपछि यसलाई धेरैले पढ्छन् । समाचार पत्रमा विभिन्न पक्षका कुरा हुन्छन् । यसमा देश-विदेशका ताजा खबर हुन्छन् ।*

### २.३.२ पदयोग र पदवियोग

सस्वरपाठन गर्दा आवश्यक ठाउँमा पदयोग र पदवियोग गर्नुपर्ने हुन्छ । पदयोग र पदवियोगको ख्याल नगरिकन सस्वरपठन गरेमा अर्थ खजमजिने र स्रोतालाई स्पष्टसँग बुझ्न गाह्रो पर्ने भएकाले आवश्यक ठाउँमा मात्र पदयोग र पदवियोग गर्नुपर्छ । उक्त कुरालाई तलका अनुच्छेद पढ्न  लगाई जाँचिएको छ ।

*जङ्गलको मध्य-भागमा महर्षि गौतमको आश्रम थियो । गौतम आफ्ना शिष्यहरूलाई त्यहीँ आश्रममा बसी शिक्षा दिन्थे । घना जङ्गलको सुनसान एवम् मनोरम वातावरणमा शिष्यहरू अर्ती-उपदेश सुन्थे । गुरुले सबै शिष्यलाई ज्यादै स्नेह र प्रेमपूर्वक पढाउने गर्थे ।*

### २.३.३. हाउभाउ

पठन गर्दा हाउभाउ अति नै आवश्यक हुन्छ । मुख, ओठ, जिब्रो, आखिभौं आदिको उचित हाउभाउ प्रस्तुत गरी सस्वरपठन गर्दा त्यो पढाइ प्रभावकारी हुन्छ । उक्त क्षमतालाई तलको अनुच्छेद पढ्नलगाई जाँचिएको छ ।

*एक दिन सधै भै महर्षि आफ्ना शिष्यहरूलाई शिक्षा दिइरहेका थिए । अकस्मात् एउटा बालक गुरु गौतमका अगाडि टक्क उभिन आयो । बालकलाई देखेर गौतम ऋषि र शिष्यहरू छक्क परे । गौतम ऋषिका चेलाहरू एकआपसमा कानेखुसी गर्न थाले ।*

### २.३.४ विधाको ख्याल

सस्वरपठन गर्दा कथा विधा हो कि कविता हो कि नाटक एकांकी हो कि संम्वाद हो कि । ती सबैको ख्याल गरी सस्वरपाठन गराइनु पर्छ । विधाको ख्याल गरी सस्वरपाठन नगराइएमा स्रोतालाई निरसिलो र पाठकको त्रुटिको सुधार हुने अवसर पाइदैन । यो क्षमता जाँच गर्नको लागि निम्न अनुच्छेदको प्रयोग गरिएको छ ।

*बालकले लगाएका लुगा हेर्दा ऊ ज्यादै गरीब देखिन्थ्यो । उसका लुगा ठाउँ-ठाउँमा च्यातिएका र टालिएका थिए । यस्तो अवस्थामा आएको बालकसँग ऋषिले मायालु स्वरमा सोधे "बाबु, के कामले यहाँ आयौ? मबाट हुन सक्ने काम छ भने भन, म गरिदिन्छु ।"*

*म बाग्मती नदी हुँ । आज म तिमीहरूलाई मेरो कथा सुनाउँदै छु । मेरो जन्म काठमाडौंको शिवपुरी डाँडामा भयो । म त्यस डाँडाको बाग्द्वार भन्ने ठाउँबाट मूल भई बाहिर निस्कैं । म त्यही डाँडाको कुनाकाप्चाबाट उफ्रिँदै, खेल्दै हुर्किएर ठूली भएँ । म त्यहीँ डाँडाबाट सुन्दरीजल, गोकर्ण, पुशपति हुँदै चोभार र त्यहाँबाट ललितपुर जिल्लाको फाँट हुँदै तराईसम्म पुगेँ ।*

### २.३.५ आरोहअवरोह

सस्वरपाठनमा स्वर कति उराल्ने र कति ओराल्ने कुराहरू यसमा पर्दछन् । विधाको ख्याल गरी आवश्यकता र स्वाभाविकताअनुसार आरोह-अवरोह ख्याल गर्नुपर्दछ ।

आरोह- अवरोहको ख्याल गरेमा मात्र सस्वरपठन वा पठन नै प्रभावकारी बन्न सक्छ । यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*समाचार-पत्रमा नोकरी, सिनेमा र व्यापारका विज्ञापन हुन्छन् । यती मात्र होइन; यसमा धर्म, विज्ञान, कृषि, शिक्षा, दुर्घटना र स्वास्थ्यसम्बन्धी ज्ञानगुनका कुरा हुन्छन् । समाचार-पत्र धनी, गरीब, व्यापारी, विद्यार्थी, युवा, बूढाबूढी आदि सबैका लागि प्रिय हुन्छ । मानिसहरू बिहान हुने बित्तिकै यसको प्रतीक्षा गर्छन् ।*

### २.३.६ चिन्ह प्रयोग

सस्वरपठन गर्दा ह्रस्व, दीर्घ, पूर्ण विराम र अरू चिन्हहरूको पनि ख्याल गरी गराउनु पर्छ । आवश्यकता र स्वाभाविकता अनुसार चिन्हको ख्यालगरी सस्वरपाठन गराइएमा मात्र प्रभावकारी हुन्छ । यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*यस्तो अवस्थामा आएको बालकसँग ऋषिले मायालु स्वरमा सोधे "बाबु, के कामले यहाँ आयौ ? मबाट हुन सक्ने काम छ भने भन, म गरिदिन्छु ।"*

*बालकले जवाफ दियो, "गुरु, मलाई तपाईसँग पढ्ने ठूलो इच्छा छ । तिमीलाई म पढाउँछु । अँ, एउटा कुरो त मैले सोध्नै बिर्सेको; तिमी कसका छोरा हौ बाबु ?"*

### २.३.७ बोधगम्य

सस्वरपाठनको खास औचित्य बोध हो । पठन गर्ने व्यक्तिले स्रोताको बोधलाई ख्याल गर्दै र आफूले पनि बुझ्ने गरी सस्वरपाठन गर्नुपर्छ । यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*जङ्गलको मध्य भागमा महर्षि गौतमको आश्रम थियो । गौतम आफ्ना शिष्यहरूलाई त्यहीँ आश्रममा बसी शिक्षा दिन्थे । घना जङ्गलको सुनसान एवम् मनोरम वातावरणमा शिष्यहरू अर्ती - उपदेश सुन्थे । गुरुले सबै शिष्यलाई ज्यादै स्नेह र प्रेमपूर्वक पढाउने गर्थे ।*

### २.३.८ उच्चारण

सस्वरपठनको महत्त्वपूर्ण र स्पष्ट गर्नुपर्छ । शुद्ध उच्चारण गरिएमा मात्र स्रोता र पाठक दुवैलाई बराबर बोधगम्य हुन्छ । उच्चारण शुद्ध र स्पष्ट गर्नुपर्दछ । यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*यस्तो अवस्थामा आएको बालकसँग ऋषिले मायालु स्वरमा सोधे- "बाबु, के कामले यहाँ आयौ ? मबाट हुन सक्ने काम छ भने भन, म गरिदिन्छु ।"*

*बालकले जवाफ दियो, "गुरु, मलाई तपाईसँग पढ्ने ठूलो इच्छा छ । तिमीलाई म पढाउँछु । अँ, एउटा कुरो त मैले सोध्नै बिर्सेको; तिमी कसका छोरा हौ बाबु ?"*

### २.३.९ शब्द र वाक्यको पुनरावृत्ति

सस्वरपठनमा गर्दा शब्द र वाक्यलाई दोहोऱ्याउनु नै शब्द र वाक्यको पुनरावृत्ति हो । शब्द र वाक्यको पुनरावृत्ति नगरिकन ससर्तिसस्वर पठन गर्नुपर्दछ । यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*यस्तो अवस्थामा आएको बालकसँग ऋषिले मायालु स्वरमा सोधे- "बाबु, के कामले यहाँ आयौ ? मबाट हुन सक्ने काम छ भने भन, म गरिदिन्छु ।"*

*बालकले जवाफ दियो, "गुरु, मलाई तपाईसँग पढ्ने ठूलो इच्छा छ । तिमीलाई म पढाउँछु । अँ, एउटा कुरो त मैले सोध्नै बिर्सेको; तिमी कसका छोरा हौ बाबु ?"*

## २.३.१०. थेगोको प्रयोग

सस्वरपठन गर्दा चाहिँ, क्यारे जस्ता थेगोको प्रयोग हुनुहुँदैन । त्यस्ता थेगोको प्रयोग भएमा सस्वरपठनमा स्वभाविकता आउँदैन । यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*समाचार-पत्रमा नोकरी, सिनेमा र व्यापारका विज्ञापन हुन्छन् । यति मात्र होइन; यसमा धर्म, विज्ञान, कृषि, शिक्षा, दुर्घटना र स्वास्थ्यसम्बन्धी ज्ञानगुनका कुरा हुन्छन् । समाचार-पत्र धनी, गरीब, व्यापारी, विद्यार्थी, युवा, बूढाबूढी आदि सबैका लागि प्रिय हुन्छ । मानिसहरू बिहान हुनेबित्तिकै उसको प्रतीक्षा गर्छन् ।*

## २.३.११ मातृभाषा वा भाषिकाको प्रभाव

सस्वरपठनमा मातृभाषा वा भाषिकाको प्रभाव पर्नुहुँदैन । त्यस्तो प्रभाव परेमा सस्वरपाठन प्रभावकारी मानिदैन ।

यो क्षमता जाँच गर्न निम्न अनुच्छेदको प्रयोग गर्न सकिन्छ ।

*जङ्गलको मध्य भागमा महर्षि गौतमको आश्रम थियो । थियो गौतम आफ्ना शिष्यहरूलाई त्यहीँ आश्रममा बसी शिक्षा दिन्थे । घना जङ्गलको सुनसान एवम् मनोरम वातावरणमा शिष्यहरू अर्ती - उपदेश सुन्थे । गुरुले सबै शिष्यलाई ज्यादै स्नेह र प्रेमपूर्वक पढाउने गर्थे ।*

# अध्याय तीन

## व्याख्या तथा विश्लेषण

भाषा शिक्षण सिकाइका सन्दर्भमा सस्वरपठन अति महत्त्वपूर्ण पूर्वाधार हो । जसबाट भाषा सिकाइका समग्र पक्षहरू प्रत्यक्ष रूपमा प्रभावित हुन्छन् । त्यसकारण यससम्बन्धी तथ्यपरक र सूक्ष्म अध्ययन गरी यथार्थ तथ्योद्घाटन तथा ठोस निष्कर्ष निकाली सुझावहरू समेत दिने प्रयास गरिएको छ ।

अध्ययनका क्रममा शोध निर्देशकको सल्लाहअनुसार सस्वरपठन क्षमताको अध्ययनका लागि कक्षा ४ को 'मेरो नेपाली किताब' बाट कथा, जीवनी र प्रबन्ध जस्ता मूल विधाको प्रतिनिधित्व हुने गरी एक-एक वटा पाठ लिइएको छ जुन निम्नानुसार छन् :-

१. कथा :- सत्यकामको अठोट,

२. प्रबन्ध :- समाचारपत्र,

३. जीवनी:- म बाग्मती नदी हुँ ।

उक्त पाठहरूबाट सुरुमा ९ वटा अनुच्छेद वा सम्पूर्ण पाठ र त्यसलाई छोट्टाई ५ वटा अनुच्छेद र त्यसलाई पनि नमुनाको रूपमा मानी तीनवटा अनुच्छेद लिई सस्वरपठन गर्न लगाई  प्रश्नावली फाराम भरी अध्ययन विश्लेषण गरिएको छ । अध्ययनमा प्रयोग गरिएका नमुना पाठका अनुच्छेदहरू परिशिष्ट एकमा देखाइएको छ । सस्वरपठनका माथि उल्लेखित आधारहरूबाट उपलब्ध तथ्यहरूको प्रस्तुतीकरण गर्दै व्याख्या विश्लेषण गरिएको छ ।

अध्ययनका क्रममा पर्वत जिल्लाका १२ वटा विद्यालयमध्ये १० वटा सरकारी र २ वटा निजी विद्यालय गरी जम्मा १२ वटा विद्यालयका प्रति विद्यालय ९ जनाका दरले

जम्मा १०८ जना विद्यार्थीहरूलाई जातिगत आधार, सरकारी र निजी विद्यालय गरी ३ आधारमा व्याख्या विश्लेषण गरिएको छ। जुन निम्नानुसार छ :

सोही प्रश्नावलीकै आधारमा तालिकाहरू बनाई सोही तालिकाहरूको आधारमा व्याख्या विश्लेषण गरिएको छ। उक्त तालिका हेर्दा ब्राहमण जातिका विद्यार्थीहरू सरकारी विद्यालयतर्फ ३२ जना र निजी विद्यालयतर्फ ८ जना गरी दुबैमा ४० जना देखिन्छन् । क्षेत्री जातिका विद्यार्थीहरू सरकारीतर्फ १३ जना र निजी विद्यालयतर्फ ४ जना गरी जम्मा १७ जना देखिन्छन् । दमाई जातिका विद्यार्थीहरू सरकारी विद्यालयमा मात्र २२ जना र कामी जातिका विद्यार्थीहरू पनि सरकारी विद्यालयमा मात्र ५ जना देखिन्छन् । यी दुवै जातिका विद्यार्थीहरू निजी विद्यालयतर्फ देखिदैनन् । नेवार जातिका विद्यार्थीहरू सरकारी विद्यालयतर्फ ३ जना र निजी विद्यालय तर्फ २ जना गरी ५ जना छन । मगर जातिका विद्यार्थीहरू सरकारी विद्यालयतर्फ ८ जना र निजी विद्यालयतर्फ २ जना गरी जम्मा १० जना विद्यार्थीहरू रहेको देखाइएको छ। गुरुङ २ जना, माझी १ जना, राई २ जना, गिरी २ जना, चुरौटे १ जना, र साह १ जना गरी जम्मा ९ जना विद्यार्थीहरूलाई अन्यको महलमा राखी व्याख्या र विश्लेषण गरिएको छ। यसरी सरकारी विद्यालयतर्फ सबै जातिका जम्मा ९० जम्मा जना र निजी विद्यालयतर्फ १८ जना विद्यार्थी गरी जम्मा १०८ जना विद्यार्थीहरूको अध्ययन गरिएको छ। उक्त व्याख्या विश्लेषण समग्र भनेर सरकारी र निजी दुवै विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई देखाइएको छ । सरकारी विद्यालयतर्फ भन्नाले सरकारी विद्यालयमा अध्ययन गर्ने विद्यार्थी र निजी विद्यालयतर्फ भन्नाले निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई संकेत गर्ने खोजिएको छ । जातिगत, सरकारी र निजी विद्यालयको आधारमा तलको तालिकालाई व्याख्या विश्लेषण गरिएको छ ।

## तालिका नं १

### जातिगत, सरकारी र निजी विद्यालयका आधारमा गति-यतिसम्बन्धी अध्ययन

| सरकारी विद्यालय स्तर | | | | | | | | | निजी विद्यालय स्तर | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | जाति | वि.सं | राम्रो | प्रतिशत | मध्यम | प्रतिशत | नराम्रो | प्रतिशत | राम्रो | प्रतिशत | मध्यम | प्रतिशत | नराम्रो | प्रतिशत | जम्मा वि.सं. |
| १. | ब्राह्मण | ३२ | ११ | ३४.३७ | १३ | ४०.६२ | ८ | २.५ | १ | १२.५ | ३ | ३७.५ | ४ | ५० | ८ |
| २. | क्षेत्री | १३ | ६ | ४६.१५ | ६ | ४६.१५ | १ | ७.६९ | २ | ५० | २ | ५० | | | ४ |
| ३. | दमाई | २२ | ४ | १८.१८ | ५ | २२.७२ | १३ | ५९.०९ | | | | | | | |
| ४. | कामी | ५ | १ | २० | १ | २० | ३ | ६० | | | | | | | |
| ५. | नेवार | ३ | २ | ६६.६६ | | | १ | ३३.३३ | | | १ | ५० | १ | ५० | २ |
| ६. | मगर | ८ | | | २ | २५ | ६ | ७५ | | | १ | ५० | १ | ५० | २ |
| ७. | अन्य | ७ | | | ४ | ५७.१४ | ३ | ४२.८५ | १ | | १ | १०० | | | २ |
| | जम्मा | ९० | २४ | २६.६७ | ३१ | ३४.४४ | ३५ | ३८.८९ | ४ | २३.५३ | ८ | ४७.०६ | ६ | ३३.३३ | १८ |

अन्य महलमा समावेश भएका जातिहरू र विद्यार्थी संख्या

१. गुरुङ- २ जना, २. माझी - १ जना, ३. राई - २ जना ४. गिरी - २ जना ५. चुरौटे - १ जना ६. साह - १ जना

## ३.१ सस्वरपठनमा गतियतिसम्बन्धी अवस्था

माथिको तालिका तथ्याङ्क गति र यतिको अध्ययनमा केन्द्रित छ । यसरी प्राप्त तथ्यलाई गति र यतिको विश्लेषणका क्रममा ३ स्तर (राम्रो, मध्यम र नराम्रो) मा देखाउने प्रयास गरिएको छ । यससम्बन्धी अध्ययनलाई जातिगत, सरकारी र निजी विद्यालयलाई सङ्ख्यात्मक र प्रतिशतका आधारमा छुट्टाछुट्टै देखाउने प्रयास गरिएको छ । सरकारी विद्यालय १० र निजी विद्यालय २ गरी जम्मा १२ वटा विद्यालयका १०८ जना विद्यार्थीको अध्ययन गरिएको छ । साथै जातिगत आधारमा ब्राह्मण, क्षेत्री, दमाई, कामी, नेवार, मगर र अन्य जातिहरू (गुरुङ, माझी, राई, गिरी, चुरौटे र साह) आदिलाई प्रतिशत र संख्यामा देखाइएको छ । जातिगत रूपमा (जम्मा १०८ विद्यार्थीमध्ये) ब्राह्मणको संख्या ४० जना, क्षेत्रीको संख्या १७ जना, दमाई २२ जना, कामी ५ जना, नेवार ५ जना, मगर १० जना र अन्य (गुरुङ २, माझी १ राई २ गिरी २, चुरौटे १ र साह १ गरी) जम्मा ९ जना रहेका छन् । अध्ययनको क्रममा कुनै विद्यालयमा दमाईको मात्र बाहुल्यता रहेको देखिन्छ भने कुनै विद्यालयमा ब्राह्मण र कुनै विद्यालयमा अन्य जातिको बाहुल्यता रहेको छ । सरकारी र निजी विद्यालयका विद्यार्थीको प्रतिशतका आधारमा तुलना गरिएको छ । सरकारी विद्यालयतर्फ ब्राह्मण ३२, क्षेत्री १३, दमाई २२, कामी ५, नेवार ३, मगर ८ (अन्य गुरुङ १, राई २, गिरी २, चुरौटे (सानु निंशा १) गरी जम्मा ९० जना विद्यार्थी र निजी तर्फ ब्राह्मण ८ क्षेत्री ४, नेवार २, मगर २ (अन्य गुरुङ १ र साह १ गरी) जम्मा १८ जना विद्यार्थीहरूलाई सस्वरपठन गर्न लगाई त्यसैको आधारमा प्रश्नावली फाराम भरी व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । जसलाई निम्नानुसार देखाउने प्रयास गरिन्छ ।

### ३.१.१ गतियतिसम्बन्धी अवस्था - १

यसमा गतियतिसम्बन्धी राम्रो स्तर भएका विद्यार्थीहरूको अध्ययन गरिएको छ ।

**ब्राह्मणः** माथिको तालिकाको अध्ययन गर्दा ४० जना ब्राह्मण जातिका विद्यार्थीहरू मध्ये १२ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा गतियतिको ख्यालगरी राम्रो स्थिति देखिन्छ । सरकारी विद्यालय तर्फ ३२ जना विद्यार्थीहरूमध्ये ११ जना अर्थात् ३४.३७ प्रतिशत र निजी विद्यालयतर्फ ८ जना विद्यार्थीहरूमध्ये १ जना अर्थात् १२.५ प्रतिशत विद्यार्थीहरूले राम्रोसँग गतियतिको ख्याल गरेको देखिएको छ ।

**क्षेत्री** : १७ जना क्षेत्री जातिका विद्यार्थीहरूमध्ये ८ जना अर्थात् ४७.०५ प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा गति र यतिको राम्रो ख्याल गरेको देखिन्छ । सरकारी विद्यालयतर्फ १३ जना विद्यार्थीमा ६ जना अर्थात् ४६.१५ प्रतिशत र निजी विद्यालयमा ४ जना विद्यार्थीमध्ये २ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूले गतियतिको राम्रो ख्याल गरेर सस्वरपठन गरेको देखिएको छ

**दमाईः** २२ जना दमाई जातिका विद्यार्थीहरूमध्ये ४ जना अर्थात् १८.१८ प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा राम्रोसँग गतियतिको ख्याल गरेको देखिन्छ । यो अत्यन्त न्यून स्थिति मानिन्छ ।

**कामीः** ५ जना कामी जातिका विद्यार्थीहरू मध्ये १ जना अर्थात् २० प्रतिशत विद्यार्थीले सस्वरपठन गर्दा राम्रोसँग गतियतिको ख्याल गरेको देखिन्छ । यो सरकारी विद्यालयको आँकडा हो ।

**नेवारः** ५ जना नेवार जातिका विद्यार्थीहरूमध्ये ३ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूले गतियतिको राम्रो ख्याल गरी सस्वरपठन सरकारी विद्यालयतर्फ ३ जना विद्यार्थीमा २ जना अर्थात् ६६.६६ प्रतिशत र निजी विद्यालयलाई १ जना विद्यार्थी पनि गतियतिको ख्याल गरेको देखिदैन ।

**मगर** : १० जना मगर जातीका विद्यार्थीहरू मध्ये १ जना विद्यार्थीले पनि गति-यतीको ख्याल राम्रोसँग नगरेको देखियो ।

**अन्यः** ९ जना अन्य जातिका विद्यार्थीहरू (गुरुङ २ माझी १ राई २ गिरी चुरौटे १ र साह १ गरी) मध्ये १ जना अर्थात् ११.११ प्रतिशत विद्यार्थीहरूले मात्र गतियतिको ख्याल गरी सस्वरपठन गरेको देखिन्छ ।

## ३.१.२ गतियतिसम्बन्धी अवस्था - २

यस शीर्षकमा गतियतिको मध्यम खालको अवस्था भएका विद्यार्थीहरू राखी अध्ययन गरिएको छ ।

**ब्राह्मणः** ४० जना विद्यार्थीहरूमध्ये १६ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा गतियतिको ख्याल मध्यमस्तरमा गरेको देखिन्छ । सरकारी विद्यालयतर्फ ३२ जना विद्यार्थीहरूमध्ये १३ जना अर्थात् ४०.६२ प्रतिशत र निजी विद्यालयतर्फ ४ जना विद्यार्थीमध्ये २ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूले मध्यम स्तरको गतियति ख्याल गरेको देखिन्छ ।

**क्षेत्री** : १७ जना क्षेत्री जातीका विद्यार्थीहरूमध्ये ८ जना  अर्थात् ४७ प्रतिशत, सरकारी विद्यालयतर्फ १३ जना विद्यार्थीमा ६ जना अर्थात् ४६.१५ प्रतिशत र निजी विद्यालयतर्फ ४ जना विद्यार्थीमा २ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूले  गति-यतिको राम्रोसँग ख्याल गरेको देखिन्छ ।

**दमाईः** २२ जना दमाई जातिका विद्यार्थीहरूमध्ये ५ जना अर्थात् २२.७ प्रतिशत विद्यार्थीहरूले गतियतिको ख्याल मध्यम स्तरमा गरेको देखिन्छ । यो सरकारी विद्यालयको आँकडा हो ।

**कामी** ५ जना कामी जातिका विद्यार्थीहरूमध्ये १ जना अर्थात् २० प्रतिशत विद्यार्थीले मध्यम स्तरको सस्वरपठन गरेको देखिन्छ । यो सरकारी विद्यालयको आँकडा हो ।

**नेवारः** ५ जना नेवार जातिका विद्यार्थीहरूमध्ये १ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा मध्यम स्तरको गतियतिको ख्याल गर्ने सरकारी विद्यालयतर्फ १ जना पनि नरहेको र निजी विद्यालयतर्फ २ जना विद्याार्थीमध्ये १ जना अर्थात् ५० प्रतिशत विद्यार्थीले मध्यम स्तरले गतियतिको ख्याल गरेको देखिन्छ ।

**मगरः** १० जना मगर जातिका विद्यार्थीहरूमध्ये ३ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरू मध्यम स्तरको गतियतिको ख्याल गरेको देखिन्छ । सरकारी विद्यालयतर्फ ८ जना विद्यार्थीहरूमध्ये २ जना अर्थात् २५ प्रतिशत र निजी विद्यालयतर्फ २ जना विद्यार्थीमा १ जना अर्थात् ५० प्रतिशत विद्याथीहरू यस महलमा देखिए ।

**अन्यः** ९ जना अन्यजातिका विद्यार्थीहरूमध्ये ५ जना अर्थात् ५५.५५प्रतिशत विद्यार्थीहरू गतियतिको मध्यम स्तरमा देखिए । सरकारी विद्यालयतर्फ ८ जना विद्यार्थीहरूमध्ये ४ जना अर्थात् ५० प्रतिशत र निजी विद्यालयतर्फ १ जना विद्यार्थी पनि यस महलमा देखिदैनन् ।

### ३.१.३. गतियतिसम्बन्धी अवस्था -३

यसमा गतियतिसम्बन्धी नराम्रो अवस्थाको अध्ययन गरिएको छ ।

**ब्राह्मणः** ४० जना ब्राह्मण जातिका विद्यार्थीहरूमध्ये १२ जना अर्थात् ३० प्रतिशत विद्यार्थीहरूले समग्रमा गतियतिको ख्याल गरेको देखिदैन । सरकारी विद्यालयतर्फ ८ जना विद्यार्थीहरूमध्ये ४ जना अर्थात् ५० प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा गतियतिको ख्याल गरेको देखिदैन ।

**क्षेत्रीः** १७ जना विद्यार्थीहरूमध्ये १ जना अर्थात् ५.८८ प्रतिशत विद्यार्थीले सस्वरपठन गर्दा गतियतिको ख्याल गरेको  देखिदैन । सरकारी विद्यालयतर्फ १३ जना विद्यार्थीमध्ये १ जना अर्थात् ७.६९ प्रतिशत विद्यार्थी यस महलमा देखिन्छन् । यस निजी  विद्यालयतर्फ १ जना विद्यार्थी पनि यस महलमा नरहेको देखिन्छन् ।

**दमाईः** २२ जना दमाई जातिका विद्यार्थीहरूमध्ये १३ जना अर्थात् ५९.०९ प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा गतियतिको ख्याल गरेको देखिदैन ।

**कामीः** ५ जना कामी जातिका विद्यार्थीहरूमध्ये ३ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा गतियतिको ख्याल गरेको देखिदैन ।

**अन्यः** माथि उल्लेखित जातिहरूबाहेकका मध्ये ९ जना विद्यार्थी रहेकामा ३ जना अर्थात् ३३.३३ प्रतिशत, सरकारी विद्यायलतर्फ ७ जना विद्यार्थीहरूमध्ये १ जना अर्थात् १४.२८ प्रतिशत र निजी विद्यालयमा २ जना विद्यार्थीमा २ जना अर्थात् १०० प्रतिशत विद्यार्थीले सस्वरपठन गर्दा शब्द र वाक्यको पुनरावृत्ति गरेको देखिदैन ।

## ३⁄१०. सस्वरपठनमा थेगोको प्रयोगसम्बन्धी अध्ययन

उक्त शीर्षकमा विद्यार्थीहरूले सस्वरपठन गर्दा अँ, क्यारे, चाहि जस्ता थेगोको प्रयोग गरे वा गरेनन् भनी यो अध्ययनमा सो शीर्षकले स्थान पाएको छ। थेगोको प्रयोग थोरै मात्र विद्यार्थीले गरेका छन्। जुन कुरा तलको तालिका र बुँदाबाट देखाउन सकिन्छ।

## तलिका नं. १०

## थेगोका प्रयोगसम्बन्धी अध्ययन

| सरकारी विद्यालय स्तर | | | | | | | निजी विद्यालय स्तर | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स | जाति | वि.सं | भएको | प्रतिशत | नभएको | प्रतिशत | भएको | प्रतिशत | नभएको | प्रतिशत | वि.सं |
| १ | ब्राह्मण | ३२ | ३ | ९.३७ | २९ | ९०.७२ | | | ८ | १०० | ८ |
| २ | क्षेत्री | १३ | | | १३ | १०० | | | ४ | १०० | ४ |
| ३ | दमाई | २२ | १ | ४.५४ | २१ | ९५.४५ | | | | | |
| ४ | कामी | ५ | | | ५ | १०० | | | | | |
| ५ | नेवार | ३ | १ | ३३.३३ | २ | ६६.६६ | | | २ | १०० | २ |
| ६ | मगर | ८ | २ | २५ | ६ | ७५ | | | २ | १०० | २ |
| ७ | अन्य | ७ | | | ७ | १०० | | | २ | १०० | २ |
| | | ९० | ७ | | ८३ | | | | १८ | १०० | १८ |

अन्यको महलमा समावेश भएका जातिहरू र वि..संख्या

१. गुरुङ-२ जना, २. माझी - १ ३. राई -२ जना, ४. गिरी - २ जना, ५. चुरौटे - १ जना, ६. साह - १ जना

माथिको तालिकालाई अध्ययन गर्दा सबै जातिका विद्यार्थीहरूले थेगोको प्रयोग गरेका छैनन् । थेगो प्रयोग गरेका जातिहरूले पनि अति न्यून संख्या र प्रतिशत छन् । थेगोको प्रयोग गर्ने जातिहरूमा ब्राह्मण, दमाई, नेवार र मगर जातिहरू छन् । उक्त तालिकालाई थेगोको प्रयोग भएको र नभएको दुई स्तरमा विभाजन गरिएको छ । जुन निम्नानुसार छ ।

### ३.१०.१. थेगोको प्रयोग भएकोसम्बन्धी अध्ययन - १

**ब्राह्मणः** ४० जना ब्राह्मण जातिका विद्यार्थीहरूमध्ये समग्रमा ३ जना अर्थात् ७.५ प्रतिशत, सरकारी विद्यालयतर्फ ३ जना अर्थात् ७.५ प्रतिशत विद्यालयका विद्यार्थीहरूले थेगोको प्रयोग गरेको देखिन्छ । निजी विद्यालयका विद्यार्थीहरूले थेगोको प्रयोग गरेको देखिदैन ।

**दमाईः** २२ जना दमाई जातिका विद्यार्थीहरूमध्ये १ जना अर्थात् ४.५४ प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेको देखिदैन ।

**नेवारः** ५ जना नेवार जातिका विद्यार्थीहरूमध्ये १ जना अर्थात् २० प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेका देखिन्छ ।

**मगरः** ८ जना मगर जातिका विद्यार्थीहरूमध्ये २ जना अर्थात् २५ प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेको देखिन्छ । निजी विद्यालयतर्फ १ जना विद्यार्थीले पनि थेगोको प्रयोग नगरेकाले तिनीहरूको यहाँ उल्लेख गरिएन ।

### ३.१०.२. थेगोको प्रयोगसम्बन्धी अध्ययन - २

अधिकांश जातिका विद्यार्थीहरूले थेगोको प्रयोग गरेनन् । जसको अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

**ब्राह्मणः** ४० जना ब्राह्मण जातिका विद्यार्थीहरूमध्ये ३७ जना अर्थात् ९२.५ प्रतिशत विद्यार्थीहरू जातिगत आधारमा, सरकारी विद्यालयतर्फ ३२ जना विद्यार्थीहरूमध्ये २९ जना अर्थात् ९०.७२ प्रतिशत र निजी विद्यालयतर्फ ८ जना विद्यार्थीमा ८ जना अर्थात् १०० प्रतिशत विद्यार्थीले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेको देखिदैन ।

**क्षेत्रीः** १७ जना क्षेत्री जातिका विद्यार्थीहरूमध्ये १७ जना अर्थात् १०० प्रतिशत सरकारी विद्यालयतर्फ १३ जना १७ जनामा १०० प्रतिशतले नै थेगोको प्रयोग गरेको देखिदैन ।

**दमाईः** २२ जना दमाई जातिका विद्यार्थीहरूमध्ये २१ जना अर्थात् ९५.४५ प्रतिशत, विद्यार्थीले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेको देखिदैन ।

**कामीः** ५ जना कामी जातिका विद्यार्थीहरूमध्ये ५ जना अर्थात् १०० प्रतिशत, विद्यार्थीले थेगोको प्रयोग गरेको देखिदैन ।

**नेवारः** ५ जना नेवार जातिका विद्यार्थीहरूमध्ये ४ जना अर्थात् ८० प्रतिशत, विद्यार्थीले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेनन् । सरकारी विद्यालयतर्फ ३ जना विद्यार्थीमा २ जना अर्थात् ६६.६६ प्रतिशत र निजी विद्यालय २ जना विद्यार्थीहरू मध्ये २ जना अर्थात् १०० प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरेको देखिदैन ।

**मगर:** १० जना मगर जातिका विद्यार्थीहरूमध्ये ८ जना अर्थात् ८० प्रतिशत विद्यार्थी, सरकारी विद्यालयतर्फ ८ जना विद्यार्थीमध्ये ६ जना अर्थात् ७५ प्रतिशत र निजी विद्यालयतर्फ २ जना विद्यार्थीमा २ जना अर्थात् १०० प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरेको देखिदैन ।

**अन्य:** माथि उल्लेखित जातिभन्दा बाहेकका अन्य ९ जना विद्यार्थीहरू भएकोमा सरकारी र निजीमा क्रमश (७+२) ९ जना अर्थात् १०० प्रतिशत विद्यार्थीले सस्वरपठन गर्दा थेगोको प्रयोग गरेको देखिदैन ।

## ३.११. सस्वरपठनमा मातृभाषाको प्रयोगसम्बन्धी अध्ययन

नेपाली बाहेक अन्य जुनसुकै भाषा बोल्ने विद्यार्थीलाई मातृभाषा विद्यार्थी भनिएको छ । यसमा जम्मा नेवार जातिका २ जना विद्यार्थीहरू भएका र यीबाहेक अन्य कुनै पनि जातिका विद्यार्थीहरूलाई मातृभाषाको प्रभाव परेन जुन कुरा तलको तालिका र व्याख्याबाट स्पष्ट पार्न सकिन्छ ।

## तलिका नं. ११

## मातृभाषाको प्रयोगसम्बन्धी अध्ययन

| सरकारी विद्यालय स्तर | | | | | | | निजी विद्यालय स्तर | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स | जाति | वि.सं | परेको | प्रतिशत | नपरेको | प्रतिशत | परेको | प्रतिशत | नपरेको | प्रतिशत | वि.सं. |
| १ | ब्राह्मण | ३२ | | | ३२ | १०० | | | ८ | १०० | ८ |
| २ | क्षेत्री | १३ | | | १३ | १०० | | | ४ | १०० | ४ |
| ३ | दमाई | २२ | | | २२ | १०० | | | | | |
| ४ | कामी | ५ | | | ५ | १०० | | | | | |
| ५ | नेवार | ३ | १ | ३.३३ | २ | ६६.६६ | १ | ५० | १ | ५० | २ |
| ६ | मगर | ८ | | | ८ | १०० | | | २ | १०० | २ |
| ७ | अन्य | ७ | | | ७ | १०० | | | २ | १०० | २ |
| | | ३० | १ | | ८९ | | १ | | १७ | | १८ |

अन्यको महलमा समावेश भएका जातिहरू र वि..संख्या

१. गुरुङ-२ जना, २. माझी - १ जना, ३. राई - २ जना, ४. गिरी - २ जना, ५. चुरौटे - १ जना, ६. साह - १ जना

माथिको तालिकाको अध्ययन गर्दा नेवार जातिका २ जना विद्यार्थीहरूबाहेक अन्यलाई मातृभाषाको प्रभाव नपरेको पाइन्छ । जुन लाई निम्नअनुसार देखाउन सकिन्छ ।

### ३.११.१. मातृभाषाको प्रभावसम्बन्धी अध्ययन - १

यस शीर्षक अन्तर्गत मातृभाषाको प्रभाव परेका विद्यार्थीहरूलाई देखाइएको छ । नेवार जातिका ५ जना विद्यार्थीहरूमध्ये २ जना अर्थात् ४० प्रतिशत समग्रमा सरकारी विद्यालयतर्फ ३ जना विद्यार्थीहरूमध्ये १ जना अर्थात् ३३.३३ प्रतिशत र निजी विद्यालयतर्फ १ जना अर्थात् ५० प्रतिशत विद्यार्थीलाई मातृभाषाको प्रभाव परेको देखिन्छ ।

### ३.११.२. मातृभाषाको प्रभावसम्बन्धी अध्ययन - २

यस महलमा मातृभाषाको प्रभाव नपरेको विद्यार्थीहरूको उल्लेख गरिएको छ ।

**ब्राह्मणः** समग्रमा ४० जना ब्राह्मण जातिका विद्यार्थीहरूमध्ये ४० जना अर्थात् १०० प्रतिशत सरकारी विद्यालयतर्फ र निजी विद्यालयतर्फ १००, १०० प्रतिशत विद्यार्थीहरूलाई नै मातृभाषाको प्रभाव परेको देखिदैन ।

**क्षेत्रीः** सरकारी र निजी विद्यालयका १७ जना विद्यार्थीहरूमध्ये १७ जना अर्थात् १०० प्रतिशत विद्यार्थीलाई नै मातृभाषको प्रभाव परेको देखिदैन ।

**दमाईः** २२ जना दमाई जातिका विद्यार्थीहरूमध्ये २२ जना विद्यार्थीहरूमध्ये २२ जना अर्थात् १०० प्रतिशतलाई नै मातृभाषाको प्रभाव परेको देखिदैन ।

**कामी**: ५ जना कामी जातिका विद्यार्थीहरूमध्ये ५ जना अर्थात् १०० प्रतिशत प्रतिशतलाई नै मातृभाषाको प्रभाव परेको देखिदैन ।

**नेवार**: ५ जना नेवार जातिका विद्यार्थीहरूमध्ये ३ जना अर्थात् ६० प्रतिशत विद्यार्थीहरूलाई समग्रमा, सरकारी विद्यालयतर्फ ३ जना विद्यार्थीमा २ जना अर्थात् ६६.६६ प्रतिशत र निजी विद्यालयमा २ जना विद्यार्थीहरूमध्ये १ जना अर्थात् ५० प्रतिशत विद्यार्थीलाई मातृभाषाको प्रभाव परेको देखिदैन ।

**मगर**: १० जना मगर जातिका विद्यार्थीहरूमध्ये १० जना अर्थात् १०० प्रतिशत विद्यार्थीलाई मातृभाषाको प्रभाव परेको देखिदैन ।

**अन्य**: ९ माथि उल्लेखित जातिहरूबाहेकका विद्यार्थीहरूमध्ये ९ जना विद्यार्थीमा ९ जना अर्थात् १०० प्रतिशत विद्यार्थीलाई मातृभाषाको प्रभाव परेको देखिदँन ।

# अध्याय -चार

## सस्वरपठनमा देखिएका समस्या

सस्वरपठन गर्दा माथि उल्लेखित विभिन्न आधारहरूको ख्याल गर्नुपर्ने हुन्छ । ती आधारको ख्याल गरी पढेमा स्तरीय र ख्याल नगरेमा अस्तरीय मानिन्छ । माथि उल्लेखित आधारहरूको ख्याल नगरी पढेमा त्यो पढाइ अनौठो र नौलो बन्ने कुरा अध्ययनका क्रममा विद्यार्थीले गरेका क्रियाकलापबाट ज्ञात भयो । सस्वरपठनका क्रममा देखिएका समस्याहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

### ४.१. गतियतिसम्बन्धी समस्या

जातिगत आधारमा नेवार ५ जनामा ४ जना अर्थात् ८० प्रतिशत विद्यार्थीहरू राम्रो स्तरमा छन् । दमाई जातिका २२ जना विद्यार्थीहरूमध्ये ३१.८१ प्रतिशत र कामी जातिका ५ जना विद्यार्थीहरूमा २० प्रतिशत देखिन्छन् । अन्य जातिका विद्यार्थीहरू सन्तोषजनक स्थितिमा रहेका छन् । अध्ययन सरकारी र निजी विद्यालयको तुलनमा समेत केन्द्रित गरिएको थियो । निजी विद्यालयमा भन्दा सरकारी विद्यालयमा यससम्बन्धी समस्या बढी देखिएको छ। यतियतिको धेरै ख्याल गर्ने विद्यार्थीहरू मध्यम स्तरमा परेका थिए । यससम्बन्धी ख्याल नगर्ने स्थितिमा ब्राह्मण १२ जना अर्थात् ३७.५ प्रतिशत, क्षेत्री १ जना अर्थात् ८.०८ प्रतिशत थिए । सबैभन्दा बढी नराम्रो स्थितिमा दमाई १३ जना अर्थात् ५९.०९ र कामी ३ जना अर्थात् ६० प्रतिशत देखिन आएको छ ।

यसको मुख्य कारणमा उचित  अभ्यासको कमी, घरमा विभिन्न भाषिका बोलिनु अभिभावकमा शैक्षिक चेतनाको कमी, शिक्षकले सस्वरपठन नगराउनु गराए पनि भाषिक सीपलाई ध्यान नदिनु, समाजिक वातावरण र अर्को टड्करो समस्या कक्षा ४ मा अहिले अध्ययनरत विद्यार्थीले कक्षा ३ बाट भर्खर कक्षा ४ मा उतीर्ण भई आएकोले र कक्षा ४ का सिकाइ उपलब्धिहरू हासिल गरिनसकेको र निजी विद्यालयतर्फ नेपाली भाषालाई महत्त्वपूर्ण नठानिनु देखिन्छ ।

## ४.२.. पदयोग र पदवियोगसम्बन्धी समस्या

पदयोग र पदवियोगको अवस्था समग्रमा हेर्दा अधिकांश राम्रो देखिन्छ । जातजातिगत रूपमा हेर्नुपर्दा दमाई २२ जनामा  १५ जना अर्थात् ६८.१८ प्रतिशत र कामी ४ जना अर्थात् ८० प्रतिशत विद्यार्थीहरू समान्यतया नराम्रो स्थितिमा देखिन्छन् । यी बाहेकका अन्य जातिका विद्यार्थीहरू अंधिकांश राम्रो स्थितिमा रहेका छन् । सरकारी विद्यालयको तुलनामा निजी विद्यालयतर्फ पदयोग र पदवियोगको ख्याल गरेको देखिदैन ।

यसको मुख्य कारण रुचि र अभ्यासमा कमीका साथ अभिभावको शिक्षाप्रति सकरात्मक भावना नहुनु, शिक्षक र विद्यार्थीको लापरबाहीपन नेपाली भाषाको महत्त्वबोधको कमी र कक्षा ४ का सिकाइउपलब्धि पूरा भइनसक्नु देखिन्छन् ।

## ४.३. हाउभाउसम्बन्धी अध्ययन

प्रस्तुत अध्ययनका क्रममा अधिकांश विद्यार्थीहले सस्वरपठन गर्दा हाउभाउको ख्याल गरेको पाइदैन ।  विद्यार्थीहरूले सस्वरपठन सामान्य रूपमा गरको पाइन्छ । सबैभन्दा राम्रो गर्ने जातिमा क्षेत्री १२ जना अर्थात् ७०.५८ प्रतिशत, नेवार ४ जना अर्थात् ८० प्रतिशतले राम्रो गरेका थिए । नराम्रो गर्नेमा दमाई १४ अर्थात् ६३.६३

प्रतिशत र कामी ४ जना अर्थात् ८० प्रतिशत देखिन आउँछन् । अन्य सबै जातिहरू यी दुईवटा प्रतिशतको बीचमा देखिन्छन् । सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा हाउभाउको ख्याल बढी गरेको देखिन्छ ।

यसको मुख्य कारण विद्यार्थीको रुचि र अभ्यासमा कमीका साथै सस्वरपठन अभ्यासको कमी, शिक्षक, विद्यार्थीर अभिभावकको लापरवाहीपन र कक्षा ४ को सिकाइ उपलब्धि हासिल भइनसक्नु देखिन्छन् ।

## ४.४. विधाको ख्यालसम्बन्धी समस्या

प्रस्तुत अध्ययनका क्रममा कथा, प्रबन्ध र जीवनी जस्ता तीन छुट्टाछुट्टै विधाको सस्वरपठन गराइएको थियो तर विद्यार्थीहरूले विधाको ख्याल नगरीकन सस्वरपठन गरेका थिए । विधाको सबैभन्दा कम ख्याल गर्ने जातिहरूमा दमाई १८ जना अर्थात् ८१.८१ प्रतिशत र अन्य जातिका ७ जना अर्थात् ७७.७७ प्रतिशत भएको पाइयो । विधाको ख्याल गरी सस्वरपठन गर्ने विद्यार्थीहरू अति न्यून स्थितिमा थिए । सरकारी र निजी दुवै विद्यालयको अवस्था उस्तै खालको थियो ।

साथै यसको मुख्य कारणमा विद्यार्थीको रुचि र अभ्यासमा कमी, तालिम प्राप्त शिक्षकको कमी, विद्यार्थी र अभिभावकमा शैक्षिक चेतनाको कमी र निजी विद्यालयमा नेपाली विषयलाई महत्त्व नदिइनु जस्ता देखिन्छन् ।

## ४.५. आरोहअवरोहसम्बन्धी समस्या

प्रस्तुत अध्ययनका क्रममा विद्यार्थीहरूलाई हेर्दा सस्वरपठन गर्दा आरोह-अवरोहको ख्याल नगरेको पाइयो । आरोह-अवरोहको जानकारी विद्यार्थीमा नभएको पाइयो । थोरै विद्यार्थीहरूले मात्र आरोह र अवरोहको ख्याल गरेका थिए । क्षेत्री

जातिका ७ जना अर्थात् ५३.८४ प्रतिशत र ब्राह्मण ४२.५ प्रतिशत विद्यार्थीहरू सबभन्दा माथि परेका थिए । सबभन्दा तल पर्ने जातिहरूमा कामी २ जना अर्थात् ४० प्रतिशत र नेवार २ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरू परेका देखिन्छन् । अरू सबै विद्यार्थीहरू यिनै दुईवटा स्तरको बीचमा परेका देखिन्छन् । सरकारी र निजी दुबै विद्यालयको स्तर नाजुक नै देखिन्छ ।

यसो हुनुको मुख्य कारण विद्यार्थीको रुचि र अभ्यासको कमीका साथै पढनु र पढाउनु पर्ने भावनाको कमी, सस्वरपठनका अभ्यासको कमी, घरमा शिक्षाको अनुकूल वातावरणको कमी, गरिबी, नेपाली भाषाको महत्त्व नहुनु जस्ता छन् ।

### ४.६. चिन्हको ख्यालसम्बन्धी समस्या

चिन्हको ख्याल सबै विद्यालयका अधिकांश विद्यार्थीहरूले गरेको पाइयो । सबभन्दा बढी ख्याल गर्ने जाति  अन्य जातिका विद्यार्थीहरू ९ जनामा ९ जना अर्थात् १०० प्रतिशतले नै ख्याल गरेको देखिन्छ । दोस्रोमा क्षेत्री जातिमा १३ जना अर्थात् ७५.४७ प्रतिशत विद्यार्थीहरू परेका थिए ।

चिन्हको ख्याल सबै विद्यालयमा राम्रै स्तरमा देखियो तर पनि निजी विद्यालयका विद्यार्थीहरूको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूले बढी गरेको देखिन्छन् । दमाई १३ जना ५९.०९ र मगर ५ जना अर्थात् ६२.२ प्रतिशत विद्यार्थीहरू ख्याल नगर्नेमा पर्ने विद्यार्थीहरू हुन् । यिनीहरू कमजोर हुनुको कारण विद्यार्थीमा रुचि र अभ्यासको कमीका साथै विद्यालय, घर र समाजबाट उत्प्रेरणाको कमी, शैक्षिक भावनाको कमी, अभ्यासको अभाव आदि देखिन्छन् ।

## ४.७. बोधसम्बन्धी समस्या

अधिकांश विद्यार्थीहरूलाई पठन लगाउँदा बोधगम्यताको ख्याल गरेको देखिन्छ । उनीहरू स्पष्टताका साथ सस्वरपठन गरेको देखियो । क्षेत्री ८२.३५ प्रतिशत, ब्राह्मण जातिका २६ जना अर्थात् ६५ प्रतिशत विद्यार्थीहरूले सस्वरपठन गर्दा स्पष्टताका साथ पढेको पाइन्छ । बाँकी विद्यार्थीहरूले त्यसरी पढन् सकेको पाइएन । उनीहरूमध्ये कतिले त आवाज नै निकाल्न नसेकेको पाइयो त कतिले अस्वभाविक आवाज निकालेका थिए । यसरी सस्वरपठन गर्दा बुझ्न गाह्रो भएको थियो । कामी जातिका ४ जना अर्थात् ८० प्रतिशत र मगर ५ जना अर्थात् ६२.५ प्रतिशत विद्यार्थीहरू रहेका देखिन्छन् । यसरी पढ्ने विद्यार्थीले आवाज ननिकाल्ने, चिन्हको ख्याल नगर्ने, बीचबीचमा शब्द र वाक्य छाडेर पढ्ने, जस्ता गल्तीहरू स्पष्ट थाहा हुने तरिकाले गरेको पाइयो ।

यसको प्रमुख कारण विद्यार्थीमा रुचि र अभ्यासको कमीका साथै विद्यार्थीमा आत्मबलको कमी, शिक्षकको लापरबाहीपन, विद्यालय र घरमा विद्यार्थीहरूलाई सस्वरपठन गर्न नलगाइनु र पढ्नको लागि उपयुक्त अवसर र लगनशीलताको कमी हुनु देखिन्छ ।

## ४.८. उच्चारणसम्बन्धी समस्या

यस शीर्षकलाई तीनवटा स्तरमा राखी हेरिएको थियो । स्पष्ट, कमस्पष्ट र अस्पष्ट । समग्रमा स्पष्ट उच्चारण गर्ने विद्यार्थीहरू ४७ जना अर्थात् ४३.५१ प्रतिशत विद्यार्थीले मात्र स्पष्ट रूपमा उच्चारण गरेको पाइन्छ । बाँकी विद्यार्थीहरूले कमस्पष्ट

र अझै अस्पष्ट उच्चारण नै गरेका थिए । विद्यार्थीहरूले उच्चारण गर्दा गरेका गल्तीहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

व्यापारी - व्यारी

काठमाडौं - काठमाण्डौक

बाग्द्वार , ब्राग्दार, बग्दार

अर्थात् - अर्यात, अरथत, आर्थात

आश्रम- आर्सम, आरसम, आक्षम

महर्षि- महर्दि

स्नेह - सनह रनेह सनेह

शिष्य - शिक्क्ष्य, शिय, शिक्ष-शिर्य

अर्ति - अति, उर्ति

सबै विद्यार्थीहरूलाई उच्चारण गराउँदा एकै खालका गल्तीहरू गरेको पाइन्छ । पढ्दा बीचबीचमा शब्द र वाक्यलाई दोहोऱ्याउने, छाड्ने जस्ता गल्तीहरू पनि गरेका थिए ।

यस्ता गल्ती गर्नुको मुख्य कारण विद्यार्थीमा रुचि र अभ्यासको कमीका साथै आत्मबलको कमी, शिक्षकद्वारा कठिन शब्दको निवारण नगरिनु जस्ता देखिन्छन् ।

## ४.९. शब्द र वाक्यको पुनरावृत्तिसम्बन्धी समस्या

सस्वरपठनका क्रममा विद्यार्थीहरूले शब्द र वाक्यको पुनरावृत्ति गरेको देखिएको छ । शब्द र वाक्यलाई दोहोऱ्याउदै सस्वरपठन गरेका थिए । यस शीर्षकलाई तालिकामा ३ वटा स्तर थिए । तीन हुन् स्पष्ट, कमस्पष्ट र अस्पष्ट । सबै महलमा

झण्डै बराबर विद्यार्थीहरू देखिन्थे । जातिगत रूपमा सबैभन्दा बढी शब्द र वाक्यको पुनरावृत्ति गर्ने विद्यार्थीमा कामी ३ जना अर्थात् ६० प्रतिशत थिए ।

यसो हुनुको प्रमुख कारण विद्यार्थीहरूमा रुचि र अभ्यासको विद्यार्थीलाई कमीका साथै सस्वरपठन गर्न नलगाइनु हो ।

## ४.१०. थेगोको प्रयोगसम्बन्धी समस्या

प्रस्तुत शीर्षकमा थेगोले सस्वरपठनमा असर गरेको छ वा छैन सो कुरा जान्नका लागि गरिएको थियो । अति न्यून संख्यामा विद्यार्थीहरूले मात्र थेगोको प्रयोग गरेको देखिन्छ । अधिकांश विद्यार्थी थेगोको प्रयोग गरेको पाँइदैन । थेगोको प्रयोग गर्ने विद्यार्थीले अँ, क्यारे, जस्ता थेगोको प्रयोग गरेको देखिएको छ ।

## ४.११. मातृभाषाको प्रयोगसम्बन्धी समस्या

५ जना नेवार जातिका विद्यार्थीहरूमध्ये २ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरूलाई मात्र मातृभाषाको प्रभाव परेको पाइयो । तिनीहरूले त/ट, ठ/थ जस्ता अक्षरको गल्ती गरेका थिए । अरू विद्यार्थीलाई मातृभाषाको प्रभाव परेको देखिएन ।

# अध्याय - पाँच

## निष्कर्ष र सुझाव

भाषाशिक्षणको चारवटा सीपहरूमध्ये पढाइ आवश्यक मानिन्छ । जो व्यक्ति पढ्न जान्दैन र लेख्न जानेर पनि शिक्षित नमानिन सक्छ । पठ्नका दुईवटा पक्षहरूमध्ये सस्वरपठन प्रारम्भिक र आधारभूत पक्ष मानिन्छ । सानो कक्षामा हुँदा राम्रोसँग सस्वरपठन गर्न नजानेमा ठूलो भएपछि पनि कनीकुथी पढ्न सक्ने हुन्छन् । तसर्थ सानो कक्षादेखि माथिल्लो कक्षासम्म सस्वरपठनको त्यतिनै आवश्यकता हुन्छ । सस्वरपठन क्रममा स्रोता र पाठकको अन्योन्याश्रित सम्बन्ध हुने हुँदा स्रोतालाई प्रभावकारी ढंगले सुनाउन पाठकले आरोह-अवरोह मिलाउनुपर्ने, गतियतिको ख्याल गर्नुपर्ने, पदयोग र पदवियोग, हाउभाउको ख्याल गरी पढ्नुपर्ने हुन्छ । त्यसैगरी विराम चिन्ह र लेख्य चिन्हसम्बन्धी ख्याल गर्दै शब्द र वाक्यलाई नदोहोराइ, थेगोको प्रयोग नगरी र मातृभाषाको प्रभाव नपारिकन सस्वरपठन गरेमा त्यो पढाइ उपयुक्त र प्रभावमय बन्छ । माथि उल्लेखित कुराहरूको उपस्थिति नभएमा त्यो पढाइ स्तरीय मानिदैन तसर्थ नकरात्मक पक्षहरूलाई हटाइ सकरात्मक पक्षहरूको मात्र समावेश गरिएमा त्यो पढाइ प्रभावपूर्ण बन्ने देखिन्छ ।

यिनै कुराको स्थिति कस्तो होला ? भन्ने उद्देश्यले पर्वत जिल्लाका १२ वटा (१० सरकारी +२ निजी) विद्यालय र प्रत्येक विद्यालयमा ९ जना विद्यार्थीका दरले १०८ जना विद्यार्थीको अध्ययन प्रश्नावली फारामको आधारमा भरी प्राप्त नतिजाको आधारमा व्याख्या विश्लेषण गरिएको छ । सोही व्याख्या विश्लेषणका आधारमा निष्कर्षहरू निकालिएका छन् । जसलाई निम्नानुसारका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

## क) गतियतिसम्बन्धी अध्ययन

यस शीर्षकको अध्ययन गर्नको लागि प्रश्नावली फाराममा ३ स्तर राम्रो, मध्यम र नराम्रो विभाजन गरिएको छ । जसअनुसार राम्रोमा २७ जना अर्थात् ९२ प्रतिशत मध्यममा ३९ जना अर्थात् ३६.११ प्रतिशत र नराम्रोमा ४१ जना अर्थात् ३७.९६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । जातजातिगत आधारमा पनि मध्यम स्तरमा नै बढी विद्यार्थीहरू देखिन्छन् । सरकारी विद्यालयको तुलनामा निजी विद्यालयको स्तर नराम्रो देखिएको छ ।

## ख) पदयोग र पदवियोगसम्बन्धी अध्ययन

पदयोग र पदवियोगसम्बन्धी अध्ययन पनि माथि उल्लेखित विद्यार्थीलाई ख्याल गरको र नगरेको गरी २ स्तरमा राखी अध्ययन गरिएको थियो । जातजातिगत आधारमा क्षेत्री जातिका विद्यार्थीहरू १२ जना अर्थात् ७०.५८ प्रतिशत सबैभन्दा माथि र सबैभन्दा तल कामी जातिका १ जना अर्थात् २० प्रतिशत बालबालिकाले ख्याल गरेको पाइन्छ । समग्रमा ख्याल गरेकोमा ४७ जना अर्थात् ५१.८५ प्रतिशत र नगरेकोमा ५१ जना अर्थात् ४७.२२ प्रतिशत विद्यार्थीहरू पाइएको छ । यसरी हेर्दा पदयोग र पदवियोगको ख्याल गर्ने विद्यार्थीहरू धेरै भेटिएका छन् ।

## ग) हाउभाउसम्बन्धी अध्ययन

सस्वरपठन गर्दा हाउभाउका साथै अङ्ग सञ्चालन गरी सस्वरपठन गरेमा पढाइ प्रभावपूर्ण बन्न जान्छ । विद्यार्थीले हाउभाउको ख्याल गरेको र नगरेको भनी २ स्तरमा प्रश्नावली फाराम भरिएको थियो । यसमा हेर्दा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयमा हाउभाउको प्रयोग भएको पाइयो । जातजातिगत आधारमा सबभन्दा बढी

हाउभाउको ख्याल गर्ने विद्यार्थीमा नेवार ४ जना अर्थात् ८० प्रतिशत र क्षेत्री १२ जना अर्थात् ७०.५८ प्रतिशत माथिल्लो स्तरमा र कामी ४ जना अर्थात् ८० प्रतिशत र दमाई १४ जना अर्थात् ६३.६३ प्रतिशत न्यून स्तरमा छन । समग्रमा ख्याल गर्नेमा ४८.१५ प्रतिशत र ख्याल नगर्नेमा ५६ जना अर्थात् ५१.८५ प्रतिशत विद्यार्थीहरू देखिएका छन् ।

## घ) विधाको ख्यालसम्बन्धी अध्ययन

विधाको भाव र अभिव्यक्तिअनुसार सस्वरपठन नगर्ने विद्यार्थीहरूको अध्ययन १०८ जना विद्यार्थीलाई नै गरेको र नगरेको २ स्तरमा राखी व्याख्या विश्लेषण गरिएको थियो । जातजातिगत आधारमा सबभन्दा कम कामी २ जना अर्थात् ४० प्रतिशत र  मगर ५ जना अर्थात् ९० प्रतिशत विद्यार्थीले ख्याल नगरेको देखिएको छ । निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीले ख्याल गरको देखिएको छ । समग्रमा ३० जना अर्थात् २७.७७ प्रतिशत विद्यार्थीले ख्याल गरेको र ७८ जना अर्थात् ६२.२२ प्रतिशत विद्यार्थीले विधाको ख्याल नगरी सस्वरपठन गरेको देखिन आएको छ ।

## ङ) आरोहअवरोहसम्बन्धी अध्ययन

सस्वरपठन गर्दा स्वरलाई आरोह र अवरोह (प्रस्तुत) विद्यार्थीले गर्छन कि गर्दैनन् भनी अध्ययन गरिएको थियो । यसलाई २ स्तरमा राखी प्रश्नावली फाराम भरी सोही नतिजालाई यहाँ उल्लेख गरिएको छ । जातिगत आधारमा सबभन्दा बढी ख्याल गर्ने क्षेत्री ९ जना अर्थात् ५२.९२ प्रतिशत र कम गर्नेमा मगर ८ जना अर्थात् ८० प्रतिशत देखिएका छन् । समाग्रमा ख्याल गर्नेमा ४६ जना अर्थात् ५२.५९ प्रतिशत र नगर्नेमा ६६ जना अर्थात् ६१.११ प्रतिशत विद्यार्थीहरू देखिएका छन् ।

### च)	चिन्हको ख्यालसम्बन्धी अध्ययन

चिन्हको ख्याल नगरी सस्वरपठन गरेमा अर्थको अनर्थ हुन्छ । विद्यार्थीहरूको ख्याल गर्छन कि गर्दैनन भनी अध्ययन गरिएकोमा अधिकांश विद्यार्थीहरूले चिन्हको ख्याल गरी सस्वरपठन गरेको पाइयो भने अन्य जातिका ९ जना अर्थात् १०० प्रतिशत विद्यार्थीले नै चिन्हको ख्याल गरेको देखाइएको छ । समग्रमा ६८ जना अर्थात् ६२.९६ प्रतिशत विद्यार्थीले चिन्हको ख्याल गरी सस्वरपठन गरेको देखिन्छ । ४० जना अर्थात् ३७.०३ प्रतिशत विद्यार्थीले चिन्हको ख्याल गरेको देखिएन् ।

### छ)	बोधगम्यसम्बन्धी अध्ययन

सस्वरपठनको परिणाम स्रोतालाई बोधगम्य गराउनु हो । सरकारी र निजी दुवै विद्यालयका विद्यार्थीहरूले बोगम्यताको ख्याल गरेको देखिन्छ । समग्रमा ६७ जना अर्थात् ६२.०३ प्रतिशत विद्यार्थीले बोधगम्य हुने तरिकाले पढेका थिए । ४१ जना अर्थात् ३७.९६ प्रतिशत विद्यार्थीले बोधगम्य नहुने गरी पढेको देखिन्छ । यसलाई गरेको र नगरेको गरी २ स्तरमा तथ्याङ्कमा राखिएको थियो । कामी जातिका १ जना अर्थात् २० प्रतिशत सबभन्दा न्यून र क्षेत्री जातिका विद्यार्थीहरू १४ जना अर्थात् ८२.३५ प्रतिशत विद्यार्थी बढी बोधगम्य हुने गरी पढेको पाइयो ।

### ज)	उच्चारणसम्बन्धी अध्ययन

सस्वरपठन गर्नु भनेको उच्चारण गर्नु हो । सस्वरपठन गर्दा स्पष्ट उच्चारण गर्नुपर्दछ । यसलाई स्पष्ट, कमस्पष्ट र अस्पष्ट गरी तीन स्तरमा विभाजन गरी व्याख्या गरिएको छ । जसमा सबैभन्दा बढी/स्पष्ट उच्चारण गर्नेमा ४७ जना अर्थात् ४३.५१ प्रतिशत, कम स्पष्ट उच्चारण गर्नेमा ३६ जना अर्थात् ३४.२४ प्रतिशत र अस्पष्ट

उच्चारण गर्नेमा २४ जना अर्थात् २२.२२ प्रतिशत विद्यार्थीहरू देखिन्छन् । सबैभन्दा बढी गर्ने जातिमा क्षेत्री ११ जना अर्थात् ६४.७० र सबभन्दा अस्पष्ट उच्चारण गर्नेमा कामी १ जना पनि रहेनन् ।

### झ) शब्द र वाक्यको पुनरावृत्तिसम्बन्धी अध्ययन

शब्द र वाक्यको पुनरावृत्ति गरी सस्वरपठन गरेमा त्यो पढाइ स्तरीय मानिदैंन तसर्थ शब्द र वाक्यको पनुनरावृत्ति सस्वरपठनको बाधक तत्त्व मानिन्छ । शब्द र वाक्यको पुनरावृतिलाई गरेको, कम गरेको र नगरेको गरी ३ स्तरमा विभाजन गरिएको छ । जसमा निम्नानुसारका विद्यार्थीहरू रहेका छन् । स्पष्ट उच्चारण गर्नेमा ३१ जना अर्थात् २८.७० प्रतिशत कमस्पष्ट उच्चारण गर्नेमा ३८ जना अर्थात् ३५.१८ प्रतिशत र अस्पष्ट उच्चारण गर्नेमा २८.७० प्रतिशत विद्यार्थीहरू देखिएका छन् ।

### ञ) थेगोको प्रयोगसम्बन्धी अध्ययन

थेगोको प्रयोग गर्छन वा गर्दैनन् भनी अध्ययन गरिएकोमा अतिनै थोरै विद्यार्थीले मात्र थेगोको प्रयोग गरे । निजी विद्यालयमा १ जना विद्यार्थी पनि गरेको देखिएन । अति थोरै विद्याथी ७ जना अर्थात् ६.४५ प्रतिशत विद्यार्थीले थेगोको प्रगोग गरे बाँकी विद्यार्थीहरू ९४.४४ प्रतिशत विद्यार्थीले थेगोको प्रयोग गरेको पाइएन ।

### ट) मातृभाषाको प्रभावसम्बन्धी अध्ययन

मातृभाषाको प्रभाव परी सस्वरपठनमा कस्तो असर पर्दछ भन्ने कुराको अध्ययन गर्ने हेतुले यो शीर्षक लिई अध्ययन गरिएको छ । जसमा अति थोरै नेवार जातिका २ जना अर्थात् १.८५ प्रतिशत विद्यार्थीलाई मात्र मातृभाषाको  प्रभाव परेको पाइयो । अन्य १०६ जना अर्थात् ९८.१४ प्रतिशत विद्यार्थीलाई मातृभाषाको प्रभाव परेको भेटिएन ।

## सुझावहरू

सस्वरपठन भाषिक सीप विकासमा अनिवार्य तत्त्वका रूपमा मानिन्छ । यति धेरै आधारभूत कुरा हुँदाहुँदै पनि यससम्बन्धी थोरै अध्ययन भएका र सस्वरपठन राम्रोसँग गर्न नसके सिकाइनै नराम्ररी प्रभावित हुने तथ्यलाई हृदयङ्गम गर्दै सम्बन्धित समस्या पहिल्याइ निराकरणका लागि सम्बन्धित निकायलाई सुझाव दिन अध्येताले यो शीर्षक रोजी अनुसन्धान गरेको हो । अध्ययनका लागि क्षेत्र पर्वत जिल्लाका बाँसखर्क, माझफाँट, लेकफाँट, धाइरिङ्ग, नाग्लीवाङ्ग, पाङ, खुर्कोट र शिवालय गाउँ विकास समितिका १२ वटा विद्यालयमध्ये १० सरकारी र २ निजी विद्यालयहरूमा केन्द्रित राखिएको छ । यस अध्ययन गर्नुको उद्देश्य कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु, नेपाली भाषा पढ्ने विद्यार्थीको सस्वरपठन क्षमता कत्तिको हुँदोरहेछ भनी पत्ता लगाउनुका साथै वर्तमानमा सस्वरपठनमा के-के समस्या छन् र तिनका कारणहरू के-के हुन ? सो कुरा पत्ता लगाई समस्या समाधानका लागि अवश्यक सुझावहरू प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

सोही बमोजिम अध्ययन गर्नका लागि प्रश्नावली फाराम भरी व्याख्या विश्लेषण, समस्याहरू र त्यसका कारण निष्कर्ष पत्ता लगाई त्यसैका आधारमा सुझावहरू दिने प्रयास गरिएको छ जुन निम्नानुसार छन :-

क) सस्वरपठन गर्नका लागि नेपाली विषय शिक्षकहरूले प्राथमिक कक्षाका प्रारम्भिक कक्षाहरू देखि नै कक्षा कार्यकलापको एक अभिन्न अङ्ग मानी कक्षा सञ्चालन गर्नुपर्ने देखिन्छ

ख) नेपाली भाषाशिक्षण गर्दा विभिन्न साहित्यिक विधाअनुसारका भावाविव्यक्ति, गतियति, हाउभाउ आदि फरक फरक पक्ष हुन्छन् । विधा अनुसारको फरकपन शिक्षकलाई स्पष्ट हुनुपर्दछ । शिक्षक एक आदर्श र उत्कृष्ट नमुनाको रूपमा विद्यार्थीका अगाडि प्रस्तुत हुनपर्दछ । भाषिक सीपलाई कसरी प्रभावपूर्ण तरिकाले सिकाउने भन्ने बारेमा शिक्षक स्पष्ट हुनुपर्दछ र शिक्षकले सिकाए बमोजिम विद्यार्थीहरूले पनि सिक्न सक्छन् ।

घ) प्रस्तुत अध्ययनमा सस्वरपठनका विविध पक्षहरूलाई राखेर हर्दा सस्वरपठनको स्तरमा नपुग कम भएका धेरै कुराहरू छन् । ती नराम्रा वा नपुग भएका कुराहरूलाई सुधार गरी पूरा गराउनतर्फ सचेत हुनुपर्दछ । कुन तरिका, विधि प्रविधि, तौरतरिका अवलम्बन गरी पढाउँदा विद्यार्थी अगाडि आउँछ सो बारेमा शिक्षक सचेत भई उपयुक्त तौरतरिका लगाई सस्वरपठन गर्नुपर्दछ ।

ङ) सबै विधाहरूमा सस्वरपठन अनिवार्य रूपमा गराइनुपर्छ यसले गर्दा अन्कनाई पढ्ने कनिकुथी पढ्ने जस्ता समस्याहरू समाधान भई विद्यार्थीले राम्रोसँग पढन् सक्छ । हरेक विधाको पछाडि नमुना अभ्यासमा सस्वरपठनसम्बन्धी अभ्यास राखिनुपर्छ जसले गर्दा विद्यार्थीलाई समस्या समाधान गर्न सहयोग पुऱ्याउछ ।

च) भाषिक मूल्याङ्कन गर्दा लिखित परीक्षामा मात्र भरपर्ने वर्तमान परिपाटीलाई परिमार्जन गरी मौखिक र प्रयोगात्मक परीक्षालाई आधार मानी भाषिकसीपको विकास गरिनुपर्दछ ।

छ) कक्षामा शिक्षकले भाषा विषय पढाउँदा व्यक्तिगत रूपमा प्रत्येक विद्यार्थीलाई सस्वरपठन गर्न लगाउनुपर्दछ । उक्त विद्यार्थीले अभ्यास गर्दा विभिन्न गल्तीहरू

गर्न सक्छ त्यसलाई शिक्षकले तुरून्त पृष्ठपोषण दिई त्यस्ता गल्तीहरू हटाउनुपर्दछ । जुन विद्यार्थी आत्मविश्वास कम भएको छ त्यसलाई झन बढी अभ्यास गर्न लगाइनु पर्दछ ।

ज) शिक्षक सङ्ख्या कम हुनु र भिन्न विषयका शिक्षकले पठन पाठन नगराइनु र उनीहरूलाई सस्वरपठनको बारेमा केही पनि थाहा नहुने भएकोले पर्याप्त र विषयगत शिक्षकको आवश्यकता देखिन्छ ।

झ) नेपाली भाषाशिक्षणमा आदर्श पठन शिक्षकले गरिदिनुपर्दछ । यदि शिक्षक त्यसो गर्न असमर्थ भएमा टेपरकर्डिङ गरिनु पर्दछ । सस्वरपठनलाई नि.मा.वि. र मा.वि. सम्म पनि अभ्यास गराइनुपर्दछ ।

ञ) अहिलेको युग सञ्चारको युग हो । सञ्चारको भाषापनि नेपाली हो । विद्यार्थीहरूलाई रेडियो नेपाल, नेपाल टेलिभिजन साथै अन्य सञ्चारका साधनको भाषा विद्यार्थीलाई सुन्ने र पढ्ने अवसर पुऱ्याइनुपर्दछ । साथै यस्ता क्रियाकलापमा विद्यार्थीलाई पनि समावेश गराइनुपर्दछ ।

ट) सस्वरपठनको अध्ययन गर्नका लागि गएको क्षेत्रमा दमाई र कामी जातिका विद्यार्थीहरूको अत्याधिक बाहुल्यता रहेको छ । उक्त जातिका विद्यार्थीहरू सबै स्तरमा कमजोर देखिएका छन् । सो समस्यालाई न्यूनीकरण गर्नका लागि छुट्टै खालको नीति ल्याई निर्माण कार्यमा सुधार ल्याउनुपर्छ । ती विद्यार्थीहरू बढी भएका विद्यालयमा शिक्षकको दरबन्दी थपी अझ अतिरिक्त क्रियाकालाहरू सञ्चालन गराउनुपर्ने देखिन्छ ।

ठ) सस्वरपठनको अध्ययनका क्रममा भेटिएका गुरुङ र मगर जातिका विद्यार्थीहरूले पनि सस्वरपठनका आधारभूत पक्षहरूको ख्याल गर्न नसकेको पाइयो । उक्त जातजाति समावेश गर्न सकिने गरी छुट्टै कार्यक्रमको तर्जुमा गरिनुपर्ने देखिन्छ ।

## भावी अध्यनकालागि संभावित शीर्षकहरू

प्रस्तुत चार कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन अनुसन्धान पर्वत जिल्लाका १२ वटा विद्यालयका (१० सरकारी र २ निजी) विद्यार्थीहरूको अध्ययन गरिएको छ । यसको व्याख्या विश्लेषणको आधार जातजातिगत, सरकारी र निजी विद्यालय गरिएको छ । यस अध्ययनका क्रममा देखिएका समस्याहरूलाई विभिन्न ११ शीर्षक र उपशीर्षकहरूमा राखी अध्ययन विश्लेषण गरी त्यसबाट निस्किएका निष्कर्षहरूलाई आधारमा मानी सुझाव समेत दिने प्रयास गरिएको छ । वस्तुतः यो एउटा सानो क्षेत्रको योजना मात्र हो । यस अध्ययनमा आफ्नो अध्ययनको प्रयोजन अनुरूप संक्षिप्त रूपमा सानो क्षेत्रलाई आधार मानेर अध्ययनका परिणामहरू प्रस्तुत गरिएका छन् । अध्ययनलाई विश्वसनीय बनाउनका निमित्त अध्ययनका वस्तुगत यथातथ्यलाई आधारको रूपमा लिएर यथार्थ कुराहरूलाई संक्षिप्त र सत्यतथ्यरूपमा प्रस्तुत गरिएको छ । हुन त कुनै पनि कार्य आफैमा पूर्ण त हुँदैन तापनि सानो क्षेत्रको थोरै विद्यालयमा गरिएको सर्वेक्षण र नमुना अध्ययनका आधारमा मात्र यो अध्ययन तयार गरिएकोले भावी दिनमा सस्वरपठनसम्बन्धी अझ सूक्ष्मतम गहिराइसम्म गएर प्राथमिक तहका अझ अरू विद्यार्थीहरूको पढाइस्तर के-कस्तो छ ? भनी पूर्ण अध्ययन गरी देखिएका समस्या निराकरण गर्न तिर लाग्नु पर्ने आवश्यकता रहेको महसुस गरिएको छ ।

साहित्यका विधाहरूको सस्वरपठन फरक-फरक हुन्छ । कथा, कविता, सम्वाद, नाटक, प्रबन्ध, जीवनी आदि विधाहरूमा छुट्टाछुट्टै अध्ययन गरिनुपर्दछ । र ती सबै

विधाहरूबाट विद्यार्थीहको व्यक्तिगत रूपमा क्षमता पहिचान गरिनुपर्दछ । जुन कुरा तलको शीर्षकहरूबाट थाहा हुन्छ :

क) कविता, जीवनी, सम्वाद, नाटक आदि विधामा सस्वरपठनसम्बन्धी छुट्टाछुट्टै अध्ययन,

ख) सस्वरपठनका क्रममा चिन्हसम्बन्धी छुट्टै अध्ययन,

ग) सस्वरपठन बोधगम्यतासम्बन्धी छुट्टै अध्ययन,

घ) विधाको प्रभावसम्बन्धी अध्ययन,

ङ) सरकारी र निजी विद्यालयमा पढ्ने विद्यार्थीहरूको सस्वरपठन तुलनात्मक अध्ययन,

च) ३, ६, ७, ८ आदि विभिन्न कक्षामा सस्वरपठनसम्बन्धी छुट्टाछुट्टै अध्ययन,

छ) विमातृभाषी प्राथमिक तहका बालबालिकाको सस्वरपठनसम्बन्धी अध्ययन,

ज) सस्वरपठनमा पदयोग र पदवियोगसम्बन्धी अध्ययन ।

अन्त्यमा सस्वरपठनसम्बन्धी गरिएको एउटा कक्षाको यो सानो अध्ययनबाट नै भए पनि यस क्षेत्रसँग सम्बन्धित सबै पक्षहरूलाई अध्ययनको उद्देश्य र प्रयोजन अनुरूपको थोर बहुत जानकारी यस अध्ययनले अवश्य दिनेछ । भावी दिनहरूमा यसै विषयसँग निकट रहेर अध्ययन अनुसन्धान गर्नु हुने अध्ययनकर्ता शोधार्थी महानुभावलाई साथै जिज्ञासु जो कोहीलाई पनि महत्त्वपूर्ण आधार सामग्री अवश्य हुन सक्नेछ । अझै यसलाई पूर्णता दिनका निमित्त समग्र अध्ययनबाट आधिकारिकता खोज्न धेरै समय श्रम र लगानीबाट मात्र सम्भव हुने भएकाले आगामी दिनहरूमा सस्वरपठनसम्बन्धी अझै फराकिलो दृष्टिसाथ सोच हुनुपर्ने आवश्यकता रहेको छ ।

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज, **नेपाली भाषाशिक्षण,** काठमाडौः कुञ्जल प्रकाशन, २०५० ।

२. अधिकारी, हेमाङ्गराज, शर्मा केदाप्रसाद, **प्रारम्भिक नेपाली शिक्षण** काठमाडौः विद्यार्थी पुस्तक भण्डार २०५६ ।

३. अधिकारी, हेमाङ्गराज, **भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौः विद्याथी पुस्तक भण्डार, २०५७ ।

४. अधिकारी, हेमाङ्गराज, **सामाजिक र प्रायोगिक भाषाविज्ञान,** काठमाडौः रत्न पुस्तक भण्डार, २०५६ ।

५. प्याकुरेल, भरत नेपाली, ढुङ्गेल दिवाकर, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर/पुनर्मुद्रण, २०६१ ।

६. बन्धु, चुडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौः रत्न पुस्तक भण्डार, २०५२ ।

७. शर्मा, केदारप्रसाद, पौडेल माधवप्रसाद **'नेपाली भाषा र साहित्य शिक्षण'** काठमाडौः न्यू हिरा बुक्स इन्टरप्राइजेज्, २०६० ।

८. रिमाल, डिल्लीराम, **'नेपाली शिक्षण,** काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०५७ ।

९. लामिछाने, यादव प्रकाश **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौः साभा प्रकाशन २०५७ ।

१०. शर्मा, मोहनराज **“शब्दरचना र वर्ण विन्यास”** काठमाडौः नवीन प्रकाशन २०५४ ।

११. वाग्ले, माधव प्रसाद र पूरी हिमलाल, **‘नेपाली भाषाशिक्षण’** काठमाडौः प्रथम संस्करण कोण अफसेट प्रेस २०५८ ।

१२. सापकोटा, नीलप्रसाद, **‘नेपाली भाषा शिक्षण’** काठमाडौः प्रथम संस्करण देउराली प्रेस २०५७ ।

१३. सम्प्रेषण वार्षिक पत्रिका-२ **सम्प्रेषण** परिवार २०६२-०६३ ।

१४. Harmer, Jeremy (1997). **The Practice of English Language Teaching**. Longman U.K.

१५. के. सी., गंगाबहादुर, **सुर्खेत जिल्लाका कक्षा ५ उत्तीण मगरभाषी विद्यार्थीमा पाइने त्रुटिहरूको अध्ययन** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय २०५५ ।

१६. मिश्र, सुशीला, **कक्षा ५ उत्तीर्ण थारू भाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन,** स्नातकोत्तर शोधपत्र ताहाचल त्रि. वि. २०५६ ।

१७. माथेमा, कोहिनुर, **नेपालमा अनौपचारिक प्रौढ शिक्षामा सहभागी भएका सहभागीहरूको पढ्ने क्षमता, लेखाइ क्षमता र बुझाइ क्षमताको अध्ययन,** स्नातकोत्तर अंग्रेजी, शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०५० ।

१८. सुवेदी, हीरालाल, **काठमाडौ र झापा जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोधको तुलनात्मका अधययन,** स्नातकोत्तर अंग्रजी शोधपत्र २०५७ ।

१९. सुवेदी, भूमिप्रसाद **‘पाँचौ कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन सम्बन्धी अध्ययन’** स्नातकोत्तर, शोधपत्र त्रिभुवन विश्वविद्यालय २०६० ।

# परिशिष्ट - एक

**सत्यकामको अठोट** (कथा)

जङ्गलको मध्य भागमा महर्षि गौतको आश्रम थियो । गौतम ऋषि आफ्ना शिष्यहरूलाई त्यहीँ आश्रममा बसी शिक्षा दिन्थे । घना जङ्गलको सुनसान एवम् मनोरम वातावरणमा शिष्यहरू अर्ती-उपदेश सुन्थे । गुरुले सबै शिष्यलाई ज्यादै स्नेह र प्रेमपूर्वक पढाउने गर्थे । एक दिन सधैँ झैं महर्षि आफ्ना शिष्यहरूलाई शिक्षा दिइरहेका थिए । अकस्मात् एउटा बालक गुरु गौतमका अगाडि टक्क उभिन आयो । बालकलाई देखेर गौतम ऋषि र शिष्यहरू छक्क परे । गौतम ऋषिका चेलाहरू एकआसपमा कानेखुसी गर्न थाले । बालकले लगाएको लुगा हेर्दा ऊ ज्यादै गरीब देखिन्थ्यो । उसका लुगा ठाउँ-ठाउँमा च्यातिएका र टालिएका थिए । यस्तो अवस्थामा आएको बालकसँग ऋषिले मायालु स्वरमा सोधे- "बाबु, के कामले यहाँ आयौ ? मबाट हुन सक्ने काम छ भने भन, म गरिदिन्छु ।"

बालकले जवाफ दियो - "गुरु, मलाई तपाईँसँग पढ्ने ठूलो इच्छा छ । मलाई आफ्नो शिष्य बनाई शिक्षा दिनुहोस् । यही कुरा अनुरोध गर्न आएको हुँ ।"

यति कुरा सुनेपछि ऋषिले भने- "हेर बाबु, तिमीले पढ्ने इच्छा राखेछौ । तिमीलाई म पढाउँछु, अँ, एउटा कुरो त मैले सोध्नै बिर्सेको ; तिमी कसका छोरा हौ बाबु ?"

यो कुरो सुनेपछि बालक एक छिन अलमलियो । बालकले भुइँतिर निहुरेर जवाफ दियो- "गुरु, मलाई मेरो बुबाको बारेमा केही थाहा छैन । मलाई पढ्न इच्छा भयो, त्यसैले म आएको हुँ ।"

बालकको यस्तो जवाफ सुनी त्यहाँका शिष्यहरू हाँस्न थाले ।

शिष्यहरू बालकलाई गिज्याउन थाले । केहीले त बाबु नभएको छोरो, कुल-घरान नभएको मान्छे, जस्ता कुरा झिकेर घोचपेच गर्न थाले । एक थरिले त कुलको कुनै ठेगाना नभएको हुँदा हामीसँग पढ्नै सक्तैन समेत भने ।

आफ्ना शिष्यहरूका कुरा सुनी ऋषि पनि नाजवाफ भए । उनले बालकलाई केही जवाफ दिन सकेनन् । बालकले ऋषि र शिष्यहरूतिर हेर्दै भन्यो- "ठीक छ, म आमासँग बुबाको नाम सोधूँला । अनि मात्र तपाईंहरूसँग पढ्न बसूँला ।"

**समाचार-पत्र (प्रबन्ध)**

समाचार-पत्रमा विभिन्न पक्षका कुरा हुन्छन् । यसमा देश-विदेशका ताजा खबर हुन्छन् । यसमा खेलकूदसम्बन्धी गतिविधि पनि छापिन्छन् । यसभित्र सम्पादकीय र अरू लेखहरू हुन्छन् ।

समाचार-पत्रमा नोकरी , सिनेमा र व्यापारका विज्ञापन हुन्छन् । यति मात्र होइन यसमा धर्म, विज्ञान, कृषि, शिक्षा, दुर्घटना र स्वास्थ्यसम्बन्धी ज्ञानगुनका कुरा हुन्छन् ।

समाचार-पत्र धनी, गरीब, व्यापारी, विद्यार्थी, युवा, बूढाबूढी आदि सबैका लागि प्रिय हुन्छ । मानिसहरू बिहान हुने बित्तिकै यसको प्रतिक्षा गर्छन् । उनीहरू विश्वमा भएका घटना घर बसी-बसी समाचार-पत्रमा पढ्छन् ।

समाचार-पत्रले सरकार अथवा अन्य संस्थाले गरेका काम कुराको जानकारी छाप्छ । सरकारले अथवा त्यस्ता संस्थाले राम्रो वा नराम्रो जे जस्तो गरे पनि यसले बताउँछ ।

सबै समाचार-पत्र राम्रा हुन्छन् भन्न सकिदैन । सही जानकारी दिने समाचार-पत्र राम्रा हुन्छन् । आलोचना मात्र गर्ने समाचार-पत्र राम्रो हुन्न । राम्रो कामको सराहना गर्ने समाचार-पत्र राम्रा हुन्छन् । जनताको भनाई ठीक ढङ्गले छाप्ने अखबारहरू राम्रा मानिन्छन् ।

कुनै-कुनै समाचार-पत्रले झूठो समाचार पनि दिएका हुन्छन् । समाचार-पत्र बिकाउन नभएका कुराहरू पनि छाप्छन् । यिनीहरूले पाठकहरूलाई झुक्याइरहेका हुन्छन् । यस्ता समाचार-पत्रले देश र जनताको भलो गर्दैनन् । सत्य र तथ्य समाचार नदिने, तातो र छोरोको काल्पनिक र मनगढन्ते कुरा लेख्ने अखबार विश्वासिला हुँदैनन् ।

**म बाग्मती नदी हुँ (जीवनी)**

म बाग्मती नदी हुँ । आज म तिमीहरूलाई मेरो कथा सुनाउँदै छु । मेरो जन्म काठमाडौँको शिवपुरी डाँडामा भयो । म त्यस डाँडाको वाग्द्वार भन्ने ठाउँबाट मूल भई बाहिर निस्कँ । म त्यही डाँडाको कुनाकाप्चाबाट उफ्रिँदै, खेल्दै हुर्किएर ठूली भएँ । म त्यहीँ डाँडाबाट सुन्दरीजल, गोकर्ण, पशुपति हुँदै चोभार र त्यहाँबाट ललितपुर जिल्लाको फाँट हुँदै तराईसम्म पुगेँ ।

म पुगेको ठाउँमा मानिसहरूले मलाई बडो आदर गरेका छन् । मानिसहरू मेरो पूजा गर्छन् । मेरो जलमा नुहाउन पाउँदा तीर्थयात्रीहरू धेरै पुण्य कमाएको अनुभव गर्छन् । मेरो जल देउतालाई चढाए धेरै धर्म हुन्छ भन्ने विश्वास गर्छन् । मेरो किनारमा धेरै मन्दिरहरू पनि बनेका छन् । काठमाडौको प्रसिद्ध पशुपतिनाथको मन्दिर मेरै किनारमा छ । त्यस्तै, गोकर्ण, गुह्येश्वरी, शङ्खमूल, पचली, टेकु आदि तीर्थस्थलहरू मेरै किनारमा छन् ।

मैले आफ्ना किनारका खेतबारीलाई सधैँ रसिलो पारेकी छु । मेरा छेउछाउका वनजङ्गललाई हरियाली दिन मद्दत गरेकी छु । मेरो पानीमा माछा, हाँस र बकुल्लाहरू रमाइलो गर्छन् । मानिसहरू मेरो किनारमा बनेका घाटहरूमा आई श्राद्ध पनि गर्छन् । किसानहरू मलाई खेतबारीमा लगी सिँचाइ गर्छन् । मानिसहरूले काठमाडौका सुन्दरीजलबाट मलाई खानेपानीका रूपमा घर-घरमा पुऱ्याएका छन् । धेरैजसो उद्योगहरूले मबाटै पानी लिएका छन् ।

# परिशिष्ट - दुई

अध्ययनमा समाविष्ट विद्यालयहरू र सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू

१. श्री ज्योति मण्डल नि.मा.वि. बाँसखर्क

प्र.अ. श्री मेघनाथ पौडेल

२. समाज कल्याण प्रा.वि., माझफाँट

प्र. अ. श्री ओमबहादुर जि.सी.

३. श्री विन्ध्यवासिनी प्रा.वि. माझफाँट

प्र.अ. श्री गुप्तबहादुर घर्ती

४. श्री शिवालय प्राथमिक विद्यालय, लेकफाँट

प्र.अ. श्री चक्रबहादुर के.सी.

५. श्री फर्से धाइरिङ्ग प्र. नि.मा.वि., धाइरिङ्ग

प्र.अ. श्री मुकुन्दप्रसाद आचार्य

६. श्री शिव नि.मा.वि., नाग्लीवाङ

प्र.अ. श्री रत्नबहादुर के.सी.

७. श्री पाङ धैरेनी उच्च माध्यामिक विद्यालय, पाङ

प्र.अ. श्री कृष्णप्रसाद रिजाल

८. श्री हिमालय माध्यामिक विद्यालय, खुर्कोट

प्र.अ. श्री द्रोणराज पौडेल

९. श्री नारायण उच्च माध्यामिक विद्यालय, शिवालय

प्र.अ. श्री बसन्तकुमार सि.के.

१०. श्री बाल मन्दिर प्राथमिक विद्यालय, शिवालय

प्र.अ. श्री रामबहादुर खत्री

११. श्री नमूना आवासीय माध्यामिक विद्यालय, शिवालय

प्र.अ. श्री यमप्रसाद शर्मा

१२. श्री कालीगण्डकी एकेडेमी, शिवालय

प्र.अ. श्री बसन्तकुमार कर्माचार्य ।

# पर्वत जिल्लाका कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन प्रश्नावली फाराम

**विद्यालयको नामः ............................**

**प्रधानाध्यापकको नामः ............................**

**कक्षा शिक्षकको नामः ............................**

| क्र.सं. | विद्यार्थीहरूको नाम | गति यतिको अवस्था | | | पदयोग पदवियोग | | हाउभाउ | | विधाको ख्याल | | आरोह अवरोह | | चिन्हको ख्याल | | बोधगम्य | | उच्चारण | | | शब्द र वाक्यको पुनरावृति | | | थेगोको प्रयोग | | मातृभाषाको प्रभाव | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | ख्याल गरेको | ख्याल नगरेको | भएको | नभएको | गरेको | नगरेको | भएको | नभएको | गरेको | नगरेको | भएको | नभएको | स्पष्ट | कम स्पष्ट | अस्पष्ट | गरेको | कम गरेको | नगरेको | भएको | नभएको | परेको | नपरेको | |
| १. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ११. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| १२. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## पर्वत जिल्लाका कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषणात्मक फाराम

**विद्यालयको नामः** श्री नारायण उ. मा. वि. शिवालय-८ कुश्मा, पर्वत

**प्रधानाध्यापकको नामः** श्री वसन्तबहादुर सि. के.

**कक्षा शिक्षकको नामः** जगदीशकुमार जोशी

| क्र.सं. | विद्यार्थीहरूको नाम | गति यतिको अवस्था | | | पदयोग पदवियोग | | हाउभाउ | | विधाको ख्याल | | आरोह अवरोह | | चिन्हको ख्याल | | बोधगम्य | | उच्चारण | | | शब्द र वाक्यको पुनरावृति | | | थेगोको प्रयोग | | मातृभाषाको प्रभाव | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | ख्याल गरेको | ख्याल नगरेको | भएको | नभएको | गरेको | नगरेको | भएको | नभएको | गरेको | नगरेको | भएको | नभएको | स्पष्ट | कम स्पष्ट | अस्पष्ट | गरेको | कम गरेको | नगरेको | भएको | नभएको | परेको | नपरेको | |
| १. | सानु निशा | | √ | | √ | | | √ | | √ | √ | | √ | | √ | | | √ | | | √ | | | √ | | √ | |
| २. | रंगिला पून मगर | | | √ | | √ | √ | | | √ | | √ | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ३. | सुस्मिता श्रेष्ठ | √ | | | √ | | √ | | | √ | √ | | √ | | √ | | √ | | | | √ | | | √ | | √ | |
| ४. | रबिन गुरुङ्ग | | | √ | | √ | | √ | | √ | | √ | √ | | √ | | | √ | | | √ | | | √ | | √ | |
| ५. | आशिष नेपाली | √ | | | √ | | √ | | | √ | | √ | √ | | √ | | √ | | | | √ | | | √ | | √ | |
| ६. | सरस्वती गिरी | | | √ | | √ | | √ | | √ | | √ | √ | | | √ | | | √ | √ | | | | √ | | √ | |
| ७. | दुर्गाबहादुर पाईजा | | √ | | √ | | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | | √ | | √ | |
| ८. | कुशुम के.सी. | | √ | | √ | | | √ | √ | | √ | | √ | | √ | | √ | | | √ | | | | √ | | √ | |
| ९. | विष्णु परियार | | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | √ | | | √ | | √ | | √ | |

## पर्वत जिल्लाका कक्षा ४ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन विश्लेषणात्मक फाराम

**विद्यालयको नामः** श्री नमुना आवासीय माध्यमिक विद्यालय शिवालय-४ कुश्मा, पर्वत

**प्रधानाध्यापकको नामः** श्री यमप्रसाद शर्मा

**कक्षा शिक्षकको नामः** सुमा शर्मा

| क्र.सं. | विद्यार्थीहरूको नाम | गति यतिको अवस्था | | | पदयोग पदवियोग | | हाउभाउ | | विधाको ख्याल | | आरोह अवरोह | | चिन्हको ख्याल | | बोधगम्य | | उच्चारण | | | शब्द र वाक्यको पुनरावृति | | | थेगोको प्रयोग | | मातृभाषाको प्रभाव | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | नराम्रो | ख्याल गरेको | ख्याल नगरेको | भएको | नभएको | गरेको | नगरेको | भएको | नभएको | गरेको | नगरेका | भएको | नभएको | स्पष्ट | कम स्पष्ट | अस्पष्ट | गरेको | कम गरेको | नगरेको | भएको | नभएको | परेको | नपरेको | |
| १. | राजु पून | | √ | | √ | | √ | | | √ | | √ | √ | | √ | | √ | | | | √ | | | √ | | √ | |
| २. | भावना सुवेदी | | | √ | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ३. | शिशिर सुवेदी | √ | | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ४. | एलिशा गुरुङ | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ५. | यमप्रसाद पून | | | √ | √ | | √ | | | √ | √ | | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ६. | लक्ष्मी साह | √ | | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ७. | आशिष रायमाझी | | √ | | | √ | √ | | | √ | √ | | √ | | √ | | | √ | | | √ | | | √ | | √ | |
| ८. | संकल्प कुँवर | √ | | | √ | | √ | | √ | | √ | | √ | | √ | | √ | | | | | √ | | √ | | √ | |
| ९. | आशिष के. सी. | | √ | | | √ | | √ | | √ | | √ | √ | | √ | | | √ | | | | √ | | √ | | √ | |